प्रेस स्वतन्त्रता

पत्रकार सुरक्षा

# वार्षिक प्रतिवेदन




नेपाल पत्रकार महासंघ

प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा

# वार्षिक प्रतिवेदन

**(२०७७ बैशाख २२ देखि २०७८ बैशाख १८ गतेसम्म)**


संयोजन/भाषा

**उदय जीएम**

विशेष सहयोगी

**हिरण्य जोशी/खगेन्द्र फुयाँल**



**नेपाल पत्रकार महासंघ**

२०७८

© सर्वाधिकार
**नेपाल पत्रकार महासंघ**
सञ्चारग्राम, तिलगंगा, काठमाडौं
फोन नं : ०१– ४११२७६३, ४११२६७३, फ्याक्स : ०१–४११२७८५
इमेल : fnjnepalcentral@gmail.com
वेबसाइट : fnjnepal.org

डिजाइन/लेआउट
**उदय जीएम**

आवरण तस्वीर
**खगेन्द्र फुयाँल**
नेपाल पत्रकार महासंघले बबरमहलमा आयोजना गरेको विरोध कार्यक्रम

छापाखाना
**उपलब्धि प्रकाशन सेवा प्रा.लि. गैरीधारा, काठमाडौं**

यसमा प्रकाशित सामग्रीको कुनै अंश महासंघको अनुमतिमा स्रोत खुलाएर प्रयोग गर्न वा पुनःप्रयोग गर्न सकिने छ ।

विश्व प्रेस स्वतन्त्रता दिवस, २०२१ को अवसरमा

# अध्यक्षको शुभकामना



प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूका लागि आज महत्वपूर्ण दिन हो । आज संसारभर प्रेस स्वतन्त्रताको महत्वका बारेमा चर्चा गरिदैछ । सन् १९९३ मा नामिबियाको विण्डहकमा एउटा सम्मेलन भएको थियो, जसमा वरिष्ठ पत्रकार, पत्रकारिताका प्राध्यापकहरु र स्वतन्त्रताका पक्षपातीहरूको सहभागिता रहेको थियो । त्यो सम्मेलनले एउटा महत्वपूर्ण घोषणपत्र जारी गऱ्यो । घोषणापत्रमा प्रेस तथा अभिव्यक्ति स्वन्त्रताको पक्षमा बलियो प्रतिबद्धता जनाइएको थियो भने स्वतन्त्र र बहुलवादी प्रेसका पक्षमा सो सम्मेलनले आफूलाई प्रष्टरूपमा उभ्याएको थियो ।

त्यही घोषणापत्र जारी भएको दिन अर्थात मे ३ लाई युनेस्कोको आव्हानमा विश्व प्रेस स्वतन्त्रता दिवसका रूपमा मनाउन थालिएको हो । विण्डहक घोषणापत्रलाई संयुक्त राष्ट्रसंघको सभाले पारित गरेपछि युनेस्कोले त्यस्तो आव्हान गरेको हो । प्रत्येक वर्ष फरक फरक नाराका साथ यो दिवस मनाउने क्रममा यो पटक 'सार्वजनिक सम्पत्तिका रूपमा सूचना' भन्ने नारा तय गरिएको छ ।

यो दिनमा प्रेस स्वतन्त्रताका पक्षमा लडाई लड्ने योद्धाहरूप्रति सम्मान गर्ने, उनीहरूको योगदानको चर्चा गर्ने, प्रेस स्वतन्त्रताको पक्षमा थप प्रतिबद्धता जनाउने र प्रेस स्वतन्त्रताको आन्दोलनलाई अझ अगाडि कसरी लैजाने भन्ने सन्दर्भमा अन्तरक्रियाहरु गर्ने गरिन्छ । प्रेस स्वतन्त्रताको आधारभूत सिद्धान्त, विश्वभर र आफ्नो देशभित्रको प्रेस स्वतन्त्रताको समग्र अवस्थाको समीक्षा, प्रेस स्वतन्त्रता हननका घटनाको सार्वजनिकीकरण र स्वतन्त्रताको प्रतिरक्षा एवं पत्रकारिता पे

शा निर्वाहको क्रममा जीवन उत्सर्ग गर्नेहरूप्रति श्रद्धा व्यक्त गर्ने यो दिनको विशेष महत्व छ । यस अवसरमा म नेपाल र विश्वमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निम्ति योगदान पुऱ्याउने महानुभावहरूप्रति उच्च सम्मान व्यक्त गर्दै सम्पूर्ण पत्रकार एवं प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता पक्षधरहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

नेपालमा पनि पत्रकार महासंघको आयोजनामा युनेस्कोसँगको सहकार्यमा मे ३ अर्थात बैशाख २० गते भर्चुअल रूपमा अन्तरक्रिया गरिँदै छ । कोरोना संक्रमणका कारण सामूहिकरूपमा भौतिक सहभागिता जनाएर कार्यक्रम गर्न सम्भावना नदेखिएकोले कार्यक्रमको स्वरूप परिवर्तन गरेर भर्चुअलरूपमा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने निर्णयमा आयोजकहरू पुगेका छौं । त्यही स्वरूपको अन्तरक्रियाकै क्रममा नेपालको यो वर्षको प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाको अवस्था समेटिएको प्रतिवेदन पनि सार्वजनिक हुँदैछ । यसैगरी आजै नेपालका विभिन्न तहमा बन्न थालेका ९ वटा कानुनको मस्यौदामाथिको विश्लेषणात्मक टिप्पणी समेत सार्वजनिक गरिँदै छ । यी दुई सामग्रीले नेपालमा प्रेस स्वतन्त्रताको पछिल्लो अवस्थालाई स्पष्ट देखाउने विश्वास गर्न सकिन्छ ।

पत्रकारहरू यतिबेला स्वास्थ्य चुनौतिसँग जुधिरहेका छन् । कोरोनाको संक्रमणका बीचमा पत्रकारिता कर्मलाई निरन्तरता दिनुपर्ने अबस्था एकातिर छ भने यही कोरोनालाई कारण देखाएर संञ्चारगृहबाट पत्रकारलाई विस्थापित गराउने खतरा पनि उस्तै छ । नेपाल पत्रकार महासंघ सञ्चार अनुगमन इकाईको तथ्यांक हेर्ने हो भने यस वर्ष पत्रकारहरूको पेशागत सुरक्षाका घटनाहरू सबैभन्दा बढी देखिए । कोरोना महामारीको समयमा पेशागत सुरक्षाको सन्दर्भबाट पीडित पत्रकारहरूको संख्या ५ सय १७ रहेको छ । यो अवस्थालाई दृष्टिगत गर्दै महासंघले सञ्चार संस्थाहरूलाई कोरानाको बहानामा सञ्चारकर्मीलाई निष्काशन नगर्न, सेवासुबिधामा कटौती नगर्न र सञ्चारकर्मीको स्वास्थ्यमा विशेष ध्यान दिन आग्रह गरेको छ ।

पत्रकार महासंघको अभिलेखमा प्रेस स्वतन्त्रतामाथिको प्रहारका घटनाहरू यो बर्ष ४५ छन् । ती घटनाबाट जम्मा ५ सय ८४ पत्रकार र ३ वटा सञ्चारसंस्था पीडित बनेका छन् । ५ सय ८४ पत्रकारमध्य ७७ पत्रकारहरू महिला रहेका छन् ।

पत्रकार महासंघको अभिलेखअनुसार यो बर्ष ६ जना पत्रकार गिरफ्तारीमा परे भने कब्जा, अवरोधबाट ४ जना पत्रकार पीडित भएका छन् । त्यसैगरी आक्रमणबाट ४८ र दुर्व्यवहार, धम्कीबाट १२ जना पत्रकार पीडित भएका छन् भने ५ सय १७ जना पत्रकारहरू विस्थापनमा परेका छन् ।

उल्लिखित तथ्यांकका आधारमा नेपाली प्रेस अझै पनि पेशागत र भौतिक सुरक्षाका सवालमा सन्तोष गर्न नसकिने अवस्थामा छैन भन्न सकिन्छ ।

मुलुकले संविधानसभामार्फत निर्मित संविधानको आधारमा संघीयताको अभ्यास गर्दैछ । यो अभ्यास गर्ने क्रममा आवश्यक कानुनहरु निर्माणको चरण अझै जारी छ । यसरी तीन तहहरुमा बन्दै गरेका प्रेससँग सम्बन्धित कानुनका मस्यौदाहरुले संबिधानको मूल मर्मसँग मेल खाइरहेका छैनन् । पत्रकार महासंघले गरेको अध्ययन र विश्लेषणका आधारमा भन्नुपर्दा प्रेससँग सम्बन्धित कानुन निर्माणको प्रक्रिया र त्यहाँ राखिएका प्रावधानहरुप्रति प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरुले सहमति जनाउन सकिने ठाउँ छैन । कानुन निर्माणको प्रक्रियामा सरोकारवाहरुसँगको परामर्शलाई कुनै आवश्यकता ठानिएको छैन । जसका लागि कानुन बनाइँदैछ, उनीहरुलाई बेवास्ता गरी कानुनको मस्यौदा निर्माण गर्ने कार्यसँग सहमत हुन सकिदैन । त्यसैगरी ती मस्यौदाका कतिपय प्रावधानहरुप्रति पनि पत्रकार महासंघको गम्भीर आपत्ति रहेको छ । पत्रकारहरुलाई जेल हाल्न सकिने, ठूलो मात्रमा जरिवाना तोक्न सकिने, न्यायालयभन्दा बाहिर नै पत्रकारलाई दण्डित गर्न सकिने, सञ्चारमाध्यम खारेज गर्न सकिने जस्ता लोकतान्त्रिक समाजमा नसुहाउने प्रावधानहरु त्यहाँ राखिएका छन् । यस्ता प्रावधानसहितको कानुन आएमा त्यो अस्वीकार्य हुने चेतावनी पत्रकार महासंघले दिँदै आएको छ ।

विश्व प्रेस स्वतन्त्रता दिवसको सन्दर्भमा हुने अन्तरक्रियाहरुमा नेपालको यो अवस्थाका बारेमा पनि छलफल हुनेछ र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरुले यो अवस्थामा सुधार ल्याउनका लागि राज्यका संरचनाहरुका साथै सरोकारवालाहरुको ध्यानाकर्षण गराउने छन् भन्ने मैले विश्वास लिएको छु ।

प्रेस स्वतन्त्रता प्रेसको मात्र मुद्दा हैन, नागरिकहरुको सूसुचित हुन पाउने संबैधानिक हकलाई प्रचलनमा ल्याउनका लागि पनि प्रेस स्वतन्त्रता अनिवार्य हुन्छ । त्यतिमात्र हैन प्रेस स्वतन्त्रता समग्र समाजको लोकतान्त्रिकीकरणको अभियानको एउटा महत्वपूर्ण अंग पनि हो । नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता लेखिएको भएतापनि व्यवहारमा त्यसअनुरुप वातावरण बन्न सकेको छैन । त्यसकारण प्रेस स्वतन्त्रताको आन्दोलनलाई अझ उचाईमा पुऱ्याउन पत्रकार महासंघ तथा प्रेस स्वतन्त्रताका पक्षधरहरु एक ठाउँमा उभिन जरुरी छ ।

प्रेस स्वतन्त्रताको आन्दोलनलाई उचाईमा पुऱ्याउनका लागि प्रेस आफै उत्तरदायी र मर्यादित हुन जरुरी छ । पत्रकार आचारसंहिता र पत्रकारिताका स्थापित मान्यताहरुलाई अनुशरण गर्दै आफूप्रतिको सामाजिक विश्वास अभिबृद्धि गर्ने दिशामा पनि पत्रकारहरुले आफूलाई प्रतिबद्ध बनाउनु पर्ने हुन्छ । त्यसैगरी राज्यले पनि पत्रकारिता क्षेत्रलाई स्वनियमनतर्फ प्रोत्साहित गर्दै लोकतान्त्रिक मूल्यभित्र रहेर पत्रकारिताको प्रबर्द्धनका लागि थुप्रै कामहरु गर्न बाँकी नै छ । यो दिशामा सबैको ध्यान जान जरुरी पनि छ ।

अन्त्यमा, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा निर्भिकतापूर्वक उभिई

पत्रकारिताको माध्यमबाट राष्ट्र र समाजको हितमा काम गर्न हामी सबैलाई प्रेरणा मिलोस् भन्दै विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**विपुल पोखेल**

अध्यक्ष

**नेपाल पत्रकार महासंघ**

(विश्व प्रेस स्वतन्त्रता दिवस, मे ३ सन् २०२१ को अवसरमा नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखेलले दिनुभएको शुभकामना सन्देश)

# विषय सूची

- नेपालमा २०७७ बैशाख २२ देखि २०७८ बैशाख १४ सम्ममा प्रेस स्वतन्त्रताको अवस्था- १

- प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र प्रेसमैत्री कानुन निर्माणको सवाल- २०
**गोविन्द आचार्य**

- नेपालको पत्रकारिता क्षेत्रमा महिला पत्रकारका चुनौतीहरू- २७
**बाला अधिकारी**

- नेपाल प्रेस स्वतन्त्रता सूचकांकमा दुई वर्षअघिकै अवस्थामा : सरकार झन निरंकुश - ३०
**रोसन पुरी**

- कोरोना कहरमा प्रेस स्वतन्त्रता र पेशागत सुरक्षाको सवाल- ३३
**कलेन्द्र सेजुवाल**

- सञ्चारमाध्यममा कोभिड- १९ को प्रभावबारे महासंघको मिडिया मिसन- ३७
**प्रस्तुति : संघर्ष पन्त**

# विश्व प्रेस स्वतन्त्रता दिवस २०२१

## नेपालमा २०७७ बैशाख २२ गतेदेखि २०७८ बैशाख १४ गतेसम्मको प्रेस स्वतन्त्रता अवस्थाको अनुगमनसम्बन्धी

# वार्षिक प्रतिवेदन

२०७६ सालको अन्त्यतिर विश्वभरका लागि चुनौतिका रूपमा देखा परेको कोरोना महामारीको प्रभाव अझै पनि कम हुन सकेको छैन । पछिल्लो समय नयाँ प्रकृतिका भाइरस देखिन थालेपछि सर्वत्र त्रासको वातावरण बनेको छ भने यो वर्ष पनि के हुने हो भन्ने अन्यौलको अवस्था छ । यस महामारीको असर गत वर्षदेखि नै समाजका सबै पक्षहरूमा देखिएको छ । महामारीको अन्त्य कहिले होला र यसले समाज, अर्थतन्त्र र विश्व सम्बन्धमा कस्तो असर गर्ला भन्ने अझै अन्यौल नै छ ।

कोरोना महामारीको प्रभाव नेपाली सञ्चार क्षेत्रमा पनि ठूलो मात्रामा देखियो । यसअघिका वर्षहरूमा नेपाली सञ्चार क्षेत्रले भौतिक तथा नीतिगत असुरक्षा बढी महसुस गर्नु परेको थियो । संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भएपछिका तीन वर्षमा नेपाली मिडिया क्षेत्रले मुख्यरूपमा तीनै तहका सरकारहरूले निर्माण गरेका कानूनहरू प्रेस स्वतन्त्रतामैत्री नभएकाले कानूनी तथा नीतिगत बन्देजहरूको सामना गर्नु परेको थियो । तर यो वर्ष मुख्यरूपमा पत्रकारहरूको पेशागत सुरक्षाको विषय सबैभन्दा महत्वपूर्ण रूपमा देखियो ।

महासंघले गरेका विभिन्न अध्ययन तथा अनुगमनका नतिजाहरूले यो समस्यालाई उजागर गरेका थिए । महामारी र लकडाउनका कारण देशभर करिब २०० सञ्चारमाध्यम बन्द भए जसमा अधिकांश छापा माध्यम थिए । चलेका सञ्चार माध्यमहरू पनि आर्थिकरूपमा अति कठिन अवस्थामा सञ्चालन भएका थिए । मिडियामा देखिएको यो प्रभावको प्रत्यक्ष असर श्रमजीवी पत्रकारहरूमा पर्‍यो ।

महामारी र लकडाउनका बेला मिडिया सञ्चालकहरूले पत्रकारहरूको सेवा सुविधा कटौती गर्ने, तलब घटाउने, बेतलबी बिदामा पठाउने वा कामबाट निश्कासन गर्ने काम गरेका थिए । महासंघले गरेको सर्वेक्षणअनुसार महामारीको असरका कारण करीब करीब ४% पत्रकारले आफ्नो जागिर गुमाउनु पर्‍यो भने ६% जतिलाई

कार्यरत सञ्चारमाध्यमले बेतलबी बिदामा पठाएका छन् । करीब ९% पत्रकारको तलब कटौती भयो भने २०% पत्रकारहरूले नियमित तलब पाउन सकेनन् । ४०% भन्दा बढी पत्रकारहरूको पेशा तथा आम्दानीमा महामारी र लकडाउनको प्रत्यक्ष असर परेको सर्वेक्षणले देखाएको थियो ।

महामारी र लकडाउनका बेला ७०% भन्दा बढी पत्रकारहरूले कोरोना महामारी तथा लकडाउनका कारण समाचार संकलन र सम्प्रेषणमा असहजता महसुस गरेका थिए। लकडाउनका कारण समाचार संकलनमा असुविधा हुनुका साथै सञ्चारमाध्यमहरूले उपलब्ध गराउँदै आएको सुविधा कटौती गरेका कारण पनि उनीहरूले असहजता महसुस गरेका हुन् । अधिकांश पत्रकारहरूले समाचार संकलन र सम्प्रेषण गर्दा उपलब्ध स्वास्थ्य सुरक्षाका विधि अपनाएको भए पनि करिब दुई तिहाई पत्रकारले आफ्नो काम गर्दा असुरक्षित महसुस गरेका थिए । सामान्य मास्क, स्यानिटाइजर जस्ता सामग्री उपलब्ध भए पनि अस्पताल तथा संक्रमित व्यक्तिहरू भएका स्थानमा रिपोर्टिङ गर्न जाँदा पिपिइको अभावले उनीहरू बढी असुरक्षित भएका थिए ।

कोरोना महामारीले पारेको प्रभावका अतिरिक्त यो वर्ष पनि तीनै तहका सरकारहरूले बनाएका वा बनाउने क्रममा रहेका कानून तथा नीतिहरूका कारण नेपाली प्रेस जगतले आफूलाई स्वतन्त्र महसुस गर्न सकेन । संघीय सरकारले अघिल्लो वर्ष नै राष्ट्रियसभामा पेश गरेको मिडिया काउन्सिल विधेयक यस वर्ष केही संशोधनसहित प्रतिनिधिसभामा पठाइयो । तर त्यसमा भएको संशोधनले पनि काउन्सिलको स्वतन्त्रता र स्वायत्ततामाथि असर गर्ने प्रावधानहरू हटाउन सकेन । त्यसैगरी प्रतिनिधिसभामा विचाराधीन रहेको सूचना प्रविधि विधेयकमा समेत आवश्यक संशोधन हुन सकेन र त्यो विधेयक यथावस्थामा छ । महामारी र लकडाउनको चरम अवस्थामा नै नेपाल सरकारले सरोकारवालाहरूसँग छलफल बिना नै २०७७ असार २४ गते संघीय संसदको राष्ट्रियसभामा सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक दर्ता गर्‍यो । प्रस्तावित विधेयकमा सार्वजनिक सेवा प्रसारणलाई पूर्णरूपमा सरकारको नियन्त्रणमा राख्ने प्रयास गरेको देखिन्छ । यो विधेयकले सार्वजनिक सेवा प्रसारण संस्थाको स्वायत्तता र स्वतन्त्रताको त परिकल्पना पनि गरेको छैन । बरू कसरी हुन्छ संस्थालाई सरकारको नियन्त्रणमा ल्याउने प्रयास यसमा देखिन्छ ।

संघीय सरकार जस्तै यो अवधिमा प्रदेश सरकारहरूले पनि विभिन्न नीति तथा कानूनहरू निर्माण गर्ने वा पारित गर्ने काम गरे । अधिकांश नीति तथा कानूनहरू प्रेस स्वतन्त्रताको आधारभूत मान्यता विपरीत रहेको महासंघले गरेको नीतिगत विश्लेषणले देखाएको छ ।

रिपोर्टर विदआउट बोर्डर (आरएसएफ)ले प्रकाशित गरेको प्रेस स्वतन्त्रता इन्डेक्स

२०२१ मा नेपालको स्थान गत वर्षको तुलनामा ६ स्थान माथि उक्लिएर १८० राष्ट्रहरूमध्ये १०६ औं स्थानमा रहेको छ । आरएसएफले नेपालको स्थान माथि उक्लिनुमा नेपालमा प्रेसमैत्री वातारण नभए पनि अन्य देशहरूको अवस्था बढी खस्किएकाले नेपाल माथि उक्लिएको हो भन्ने धारणा व्यक्त गरेको छ । आरएसएफले पनि सरकारहरूले ल्याएका नीति तथा कानूनहरूका कारण नेपालमा प्रेस स्वतन्त्रतामैत्री वातावरण नरहेको जनाएको छ ।

यस वर्ष पत्रकारहरूमाथि हुने भौतिक आक्रमण तथा गिरफ्तारीका घटनाहरूमा केही कमी आयो । गत वर्षको तुलनामा यो वर्ष यस्ता प्रकृतिका घटनाहरू कम भएकाले समग्र घटनाहरूको संख्यामा पनि कमी आयो । गत वर्ष प्रेस स्वतन्त्रता हननका ६० घटना भएकामा यस वर्ष ४५ वटा घटना देखिए । तर यो संख्यामा कमी आउनुमा महासंघको डाटाबेसमा पेशागत स्वतन्त्रतासम्बन्धी घटनाहरूलाई एकमुस्ट रेकर्ड गरिएको कारण हो । गत वर्ष प्रेस स्वतन्त्रता हनन्का घटनाहरूबाट पीडित पत्रकारको संख्या ९७ थियो भने यो वर्ष पेशागत असुरक्षाका घटनाहरूका कारण पीडित पत्रकारहरूको कुल संख्या ५८७ पुगेको छ ।

## नेपालमा प्रेस स्वतन्त्रता हननका घटनाको अभिलेखीकरणको अवस्था

२०५६ सालदेखि नेपाल पत्रकार महासंघले नेपालमा हुने प्रेस स्वतन्त्रता हननका घटनाहरूको निरन्तर अनुगमन तथा अभिलेखीकरण गर्दै आइरहेको छ । यसका लागि महासंघले प्रेस स्वतन्त्रता अनुगमन इकाई खडा गरी निरन्तर अनुगमन गर्ने र घटनाको प्रकृति अनुसारको पहलकदमी लिने गरेको छ । महासंघले प्रेस स्वतन्त्रता हनन्का घटना अभिलेखीकरणका लागि अनलाइन डाटाबेस तयार गरी सबै घटनाहरूलाई त्यहाँ रेकर्ड गर्ने गरेको छ जुन डाटाबेस महासंघको वेबसाइटमा सबैले सजिलै हेर्न सकिने गरी राखिएको छ । उक्त डाटाबेसमा महासंघमा जानकारी हुन आएका सम्पूर्ण घटनाहरूलाई रेकर्ड गरी ती घटनाले प्रेस स्वतन्त्रतामाथि आँच पुऱ्याउन सक्ने खालका हुन् वा पत्रकारमाथि भए पनि प्रेस स्वतन्त्रतासँग असम्बन्धित वा अन्य कुनै अवस्थामा भएका हुन् भनी समिक्षा गरी छुट्टा छुट्टै रेकर्ड गर्ने व्यवस्था गरिएको छ ।

यसका साथै महासंघले वि.सं. २०७१ मा प्रेस स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड तयार गरेको थियो । त्यस मानदण्डमा प्रेस स्वतन्त्रता हननका घटनाहरूलाई वर्गीकरण गरी व्यवस्थित रूपमा अभिलेखीकरण गर्ने व्यवस्था गरिएको थियो । महासंघले विभिन्न सरोकारवाला पक्षहरूसँगको परामर्श र सहकार्यमा उक्त मानदण्डमा २०७३ मा संशोधन गरी सोहीअनुसार अभिलेखीकरण गर्ने व्यवस्था गरेको छ । पत्रकारले पत्रकारिता बाहेक अन्य कार्य गर्दा हुने आक्रमणलाई अनुगमन प्रणालीमा राखिँदैन । साथै

हरेक व्यक्तिका अभिव्यक्ति स्वतन्त्रतासँग सम्बन्धित विषयहरू पनि महासंघको प्रेस स्वतन्त्रता अनुगमनमा समेटिएका छैनन् ।

नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा रहेको प्रेस स्वतन्त्रता अनुगमन इकाईमा वर्षभरि अभिलेख गरिएका घटनाहरूलाई आधार मानी महासंघले प्रत्येक वर्ष प्रेस स्वतन्त्रताको अवस्था वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गरेको छ । प्रत्येक वर्ष विश्व प्रेस स्वतन्त्रता दिवस, मे ३, का अवसरमा सो प्रतिवेदन सार्वजनिक गर्ने गरिएको छ । उक्त प्रतिवेदनका लागि घटनाहरूको अभिलेखीकरण र विश्लेषण गर्दा अघिल्लो वर्षको मे ३ तारिखदेखि यस वर्षको मे २ तारिखसम्मका घटनाहरूलाई लिने गरिएको छ । जसअन्तर्गत पछिल्लो वर्ष २०७७ बैशाख २२ गतेदेखि २०७८ बैशाख १४ सम्मका घटनाहरूलाई अभिलेख गरिएको छ ।

## २०७८ सालमा प्रेस स्वतन्त्रता उल्लंघनका घटनाहरूको विश्लेषण

माथि नै भनिए जस्तै यो वर्ष प्रेस स्वतन्त्रता हनन्का घटनाहरूमा प्रमुखरूपमा श्रमजीवी पत्रकारहरूको पेशागत सुरक्षासम्बन्धी घटनाहरू देखिए । कोरोना महामारी र त्यसको प्रभावले नेपाली मिडिया क्षेत्र यस्तो खालको विपद् र महामारीको अवस्थाका लागि तयारी अवस्थामा नरहेको देखायो । नेपाल पत्रकार महासंघले आगामी दिनमा यस्तो अवस्था आउन नदिन पत्रकार, मिडिया सञ्चालक तथा सरकारले संयुक्तरूपमा पहलकदमी लिनुपर्ने आवश्यकतामा जोड दिएको छ ।

कोरोना महामारीले सिकाएको पाठलाई मध्येनजर गर्दै महासंघले यसवर्ष केही कदम चालेको छ । श्रमजीवी पत्रकार ऐन, २०५१ मा सबै सञ्चार संस्थाह( रूले विज्ञापनबाट प्राप्त आम्दानीको १० प्रतिशत पत्रकार कल्याण कोषका लागि छुट्याउनु पर्ने र सबै संस्थाले त्यस्तो कोष स्थापना गर्नुपर्ने व्यवस्था रहेको छ । तर २५ वर्षभन्दा लामो अवधिमा पनि उक्त व्यवस्था कुनै पनि सञ्चारगृहमा कार्यान्वयनमा आउन सकेको थिएन । यसका लागि महासंघले गत वर्ष सर्वोच्च अदालतमा रिट दायर गरी सो व्यवस्था गराउन पहल गरेको थियो । महासंघका अध्यक्ष गोविन्द आचार्यले दायर गर्नुभएको रिटमा फैसला गर्दै सर्वोच्च अदालतले नेपाल सरकारलाई सबै सञ्चार संस्थामा कोष स्थापना गराउन र त्यसको प्रगति विवरण प्रत्येक दुई महिनामा अदालतमा पेश गर्न आदेश गरेको छ ।

यसका साथै महासंघले सबै सञ्चारगृहहरूमा लागु गर्नका लागि पत्रकार सुरक्षा निर्देशिका तयार गरेको छ । महासंघले आगामी दिनमा उक्त निर्देशिका कर्यान्वयन गराउन मिडिया सञ्चालकहरूसँग पहल गर्नेछ ।

२०७७ सालमा प्रेस स्वतन्त्रता हनन्का ४५ वटा घटना भएका छन् । यसबाट ५८४


पत्रकार तथा ३ सञ्चारसंस्था गरी ५८७ पीडित बनेका छन् । नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाईमा अभिलेख भएका यी घटनाहरूमा यो एक बर्षको अवधिमा पत्रकार हत्या तथा बेपत्ताका घटना भएका छैनन् भने पत्रकार गिरफ्तारका ३ वटा घटना भएका छन् । त्यस्तै स्वतन्त्र पत्रकारितामा अवरोध तथा कब्जाका ३ वटा घटना भएका छन् । पत्रकारमाथि आक्रमणका ९ वटा घटना भएका छन् भने दुर्व्यवहार तथा धम्कीका २९ वटा घटना भएका छन् । पेशागत असुरक्षाका घटनाबाट ५१७ पत्रकार पीडित भएका छन् ।

महासंघको प्रेस स्वतन्त्रता अनुगमन इकाइले प्रदेशहरूका आधारमा रेकर्ड गरेका घटनाहरूको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।


| घटना प्रकृति | प्रदेश नं. १ | प्रदेश नं. २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| मृत्यु/हत्या | | | | | | | | ० |
| बेपत्ता | | | | | | | | ० |
| गिरफ्तारी | | १ | २ | | | | | ३ |
| कब्जा/अवरोध | | १ | १ | | | १ | | ३ |
| आक्रमण | १ | | २ | | | १ | ५ | ९ |
| लैङ्गिक हिंसा | | | | | | | | ० |
| दुर्व्यवहार/धम्की | १ | १ | १५ | ५ | ३ | २ | २ | २९ |
| विस्थापन | | | | | | | | ० |
| पेशागत असुरक्षा | | | १ | | | | | १ |
| नीतिगत बन्देज | | | | | | | | ० |
| जम्मा घटना | २ | ३ | २१ | ५ | ३ | ४ | ७ | ४५ |

स्रोत : नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाई, २०७८ बैशाख ।

यस वर्ष प्रेस स्वतन्त्रता उल्लंघनका सबैभन्दा धेरै घटनाहरू बागमती प्रदेशमा भए भने सबैभन्दा कम प्रदेश नं १ मा । महासंघ प्रेस स्वतन्त्रता अनुगमन इकाईको रेकर्डका अनुसार बागमती प्रदेशमा २१ वटा यस्ता घटना भएका थिए भने प्रदेश नं १ मा २ घटना भएका थिए । त्यसैगरी प्रदेश नं २ मा ३, गण्डकी प्रदेशमा ५, लुम्बिनी प्रदेशमा ३, कर्णाली प्रदेशमा ४ र सुदूरपश्चिम प्रदेशमा ७ वटा घटना भए ।




यस वर्ष सातै प्रदेशमा घटेका प्रेस स्वतन्त्रता उल्लंघनका घटनाहरूको प्रकृतिका आधारमा विश्लेषण तलको चित्रमा प्रस्तुत गरिएको छ ।




प्रेस स्वतन्त्रता हननका यी ६० वटा घटना हुँदा ९४ जना सञ्चारकर्मी तथा ३ सञ्चारगृह पीडित भएका छन् ।

| | प्रदेश १ | | | प्रदेश २ | | | बागमती प्रदेश | | | गण्डकी प्रदेश | | | प्रदेश ५ | | | कर्णाली प्रदेश | | | सुदूरपश्चिम प्रदेश | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घटना प्रकृति | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | |
| मृत्यु/हत्या | | | | | | | | | | | | | | | | | | | | | | ० |
| बेपत्ता | | | | | | | | | | | | | | | | | | | | | | ० |
| गिरफ्तारी | | | | १ | | | ५ | | | | | | | | | | | | | | | ६ |
| कब्जा/अवरोध | | | | १ | | | १ | | | | | | | | | २ | | | | | | ४ |
| आक्रमण | १ | | | १ | | | २८ | २ | १ | ७ | | | २ | १ | | ३ | | | २ | | | ४८ |
| दुर्व्यवहार/धम्की | २ | | | | | | २ | | | | | | | | | १ | | | ५ | | २ | १२ |
| विस्थापन | | | | | | | ४४३ | ७४ | | | | | | | | | | | | | | ५१७ |
| पेशागत असुरक्षा | | | | | | | | | | | | | | | | | | | | | | ० |
| नीतिगत बन्देज | | | | | | | | | | | | | | | | | | | | | | ० |
| जम्मा घटना | ३ | ० | ० | ३ | ० | ० | ४७९ | ७६ | १ | ७ | ० | ० | २ | १ | ० | ६ | ० | ० | ७ | ० | २ | ५८७ |

स्रोत : नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाई । २०७८ बैशाख


म : महिला, पु : पुरूष, सं : संस्था

महिला : ७७, पुरूष : ५०७ संस्था : ३




यस अवधिमा ५०७ पुरूष पत्रकार, ७७ महिला पत्रकार र ३ वटा सञ्चार संस्था प्रेस स्वतन्त्रता उल्लंघनका घटनाबाट प्रताडित भए । यसरी हेर्दा विभिन्न कारणहरूले पुरूष पत्रकारहरू नै यस्ता घटनाहरूमा बढी परेको पाइएको छ भने अर्कोतिर पत्रकार महिलाहरू पीडित भएका घटनाहरूका बारेमा यथेष्ट जानकारी नआएको वा बताउन नचाहेको पनि हुनसक्छ ।

घटनाको प्रकृतिका आधारमा हेर्दा यस वर्ष सबैभन्दा बढी पत्रकारहरूको पेशागत सुरक्षाका घटनाहरू बढी देखिए । सबै घटनाहरू कोरोना महामारीका सन्दर्भमा देखिएकाले महासंघको डाटाबेसमा ती सबै घटनाहरूलाई एउटै घटना मानी रेकर्ड गरिएकाले घटनाको संख्या कम देखिन्छ । तर पीडित पत्रकारहरूको संख्या भने ५१७ रहेको छ । त्यसैगरी पत्रकारहरूमाथि दुर्व्यवहार वा धम्कीका २९ घटनाहरू रेकर्ड भएका छन् भने पत्रकार वा सञ्चार संस्थामाथि आक्रमणका ९ वटा घटना रेकर्ड भएका छन् ।




## २०७७ बैशाख २२ देखि २०७८ बैशाख १४ गतेसम्ममा भएका प्रेस स्वतन्त्रता हनन्का घटनाहरूको विवरण

१. २०७८ बैशाख १२ गते उज्यालो नेटवर्क अनलाइनका सम्पादक अनिश तामाङलाई कार्यालयबाटै र उज्यालो नेटवर्कका महाप्रबन्धक दुर्गालाल तामाङलाई बसुन्धाराबाट प्रहरीले पक्राउ गरेको छ । पाटन उच्च अदालतले शुक्रबार 'समाचार को विषयमा टुंगो नलागेसम्म निवेदकलाई पक्राउ नगर्नू-नगराउनू' भनि पत्रकार तामाङसहितका निवेदकको मुद्दामा आदेश दिइसकेको छ । समाचार दैनिक डटकममा प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय रिसर्च एण्ड एनलाइसिस विङ्स 'रअ' का प्रमुख सामन्त गोयलबीच चार बुँदे सहमति भएको भनी उज्यालो न्यूज नेटवर्कको समाचार साभार गरेको भन्दै प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

२. २०७८ बैशाख ११ गते समाचारको विषयलाई लिएर नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सदस्य तथा तरूण खबर डटकम अनलाइनका सल्लाह( कार सम्पादक परशु घिमिरे, पत्रकार कालिका महत र कुमार राउतलाई केही व्यक्तिहरूले भौतिक कारबाहीको धम्की दिएका थिए । केही दिनअघि उक्त अनलाइनमा प्रकाशित समाचारलाई लिएर पत्रकारत्रयलाई धम्की आएपछि सो समाचारको खण्डनसमेत प्रकाशित भइसकेको थियो । खण्डन प्रकाशित भइसकेको अवस्थामा पनि पुनः ती व्यक्तिहरूबाट कार्यालयमै गएर पटकपटक पत्रकारहरूलाई धम्क्याएको महासंघ काठमाडौं शाखाले जनाएको छ ।

३. २०७८ बैशाख ९ गते समाचारको विषयलाई लिएर क्राइम टिभी नेपालका सञ्चालक कुशलव केसीमाथि काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका-१

स्थित 'लाइफ भर्सेस इडिक्सन' सुधारगृहसम्बद्ध व्यक्तिहरूले दुर्व्यवहार गरेका थिए । सुधारगृहभित्रै मृत्यु भएका सोम दनुवारको बारेमा मृतकका परिवारको गुनासोका आधारमा घटनाको विवरणसहितको समाचार प्रसारण गरेको भन्दै सञ्चालक केसीमाथि सुधारगृहका व्यक्तिहरूले गालीगलौज गर्दै दुर्व्यवहार गरेका थिए ।

४. २०७८ बैशाख ७ गते कालिकोट जिल्लाबाट राजधानी दैनिकका सम्वाददाता विश्वनाथ सिंखडालाई आफूलाई अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ता बताउने मनसिंह शाही र हिक्मत सिंहले समाचारको विषयलाई लिएर मार्ने धम्की दिएका थिए ।

५. २०७८ बैशाख ७ गते नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका सचिव एवं अन्नपूर्ण पोष्ट व्यूरो सहइन्चार्ज राजकरण महतोमाथि प्रहरीले दुर्व्यवहार गरेको थियो । महासंघ महोत्तरी शाखाका अनुसार बैशाख ७ गते मंगलबार दिउँसो इलाका प्रहरी कार्यालय गौशालामा कपाली तमसुकको विषयमा दुई पक्षबीच भएको कुटपिटको भिडियो खिचेको भन्दै प्रहरीले मोबाइल खोसेर गालीगलौज गर्दै थुन्ने धम्की दिएको थियो ।

६. २०७८ बैशाख ५ गते कैलालीको लम्कीस्थित रेडस्टार एफएम ९५.३ मेगाहर्जका प्रबन्ध निर्देशक बसन्त जैशीमाथि ८,९ जनाको समूहका आएका व्यक्तिहरूले कार्यालयमा प्रवेश गरी आक्रमण गरेका थिए । महासंघ कैलाली शाखाका अनुसार बैशाख ५ गते आइतबार दिउँसो एफएमको कार्यालयमा प्रवेश गरी प्रबन्ध निर्देशक जैशीमाथि आक्रमण गर्नुका साथै एफएमको कार्यालयमा रहेको कम्प्यूटरलगायतका सामग्री तोडफोड गरेका थिए ।

७. २०७८ बैशाख ३ गते प्रकाशित समाचारको विषयलाई लिएर नेपाल प्रहरीले नेपाल पत्रकार महासंघका नवनिर्वाचित केन्द्रीय सदस्य बबिन शर्मा र उज्यालो नेटवर्क प्रा.लि.का सञ्चालक तथा प्रधानसम्पादक बुद्ध लोप्चन, कार्यकारी सम्पादक अनिश तामाङको घर तथा कार्यालयमा खानतलासी गर्दै धम्की दिएको थियो । समाचार दैनिक डटकममा प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय रिसर्च एण्ड एनलाइसिस विङ्स 'रअ'का प्रमुख सामन्त गोयलबीच चार बुँदे सहमति भएको भनी उज्यालो न्यूज नेटवर्कको समाचार साभार गरेको भन्दै प्रहरीले केन्द्रीय सदस्य शर्माको घर खानतलासी गर्दै 'विदेशी गुप्तचर' निकायको दबाबले पक्राउ गर्नुपर्ने भयो भन्दै परिवारलाई समेत धम्की दिएका थिए ।

८. २०७८ बैशाख १ गते नेपाल पत्रकार महसंघ तनहुँ शाखाका सदस्य तथा अन्नपूर्ण पोष्ट सम्वाददाता एवं दमौली न्यूज डटकमका सम्पादक पवन पौडेललाई नेपाली सेनाका सैनिक कमाण्डरले दुर्व्यवहार गरेका थिए । महासंघ तनहुँ शाखाका अनुसार नेपाली सेनाको टोली दमौली बजारको सडकमा दौडिरहेको दृश्य

खिचेको निहुँमा व्यास- ५ चापाघाटस्थित कालिभञ्जन गणका निज सैनिक कमाण्डरले पत्रकार पौडेललाई दुर्व्यवहार गर्दै क्यामेरा खोसेर दृश्य हटाएका थिए ।

९. २०७७ चैत ३१ गते समाचार संकलनका क्रममा नयाँ पत्रिका दैनिकमा कार्यरत पत्रकार केदार दाहालमाथि भारतीय दूतावासअगाडि प्रहरीले समाचार संकलनमा अवरोध खडा गर्दै आक्रमण प्रयास गरेको थियो । काठमाडौंको लैनचौरस्थित भारतीय दूतावासमा 'नो अब्जेक्सन लेटर' लिन लाइन बसेका भारतीय नागरिकबारे समाचार संकलनका लागि त्यहाँ पुगेका पत्रकार दाहाललाई प्रहरीले समाचार संकलनमा अवरोध गर्दै लछारपछार गरी खिचिएको फोटो तथा भिडियोसमेत मेटाउने प्रयास गरेका थिए ।

१०. २०७७ चैत्र ३० गते समाचार संकलनका क्रममा नेपाल आज डटकमका सञ्चालक तथा सञ्चारकर्मी माधवप्रसाद गुरागाईँलाई ठेकेदार मनोज भेटवालसहितका टोलीले आक्रमण गरी ज्यान मार्ने धम्की दिएको थियो । काठमाडौंको पुरानो बसपार्कमा निर्माणाधीन भ्यूटावरको प्रगति विवरण लगायतका विषयमा समाचार संकलन गर्न पुगेका पत्रकार गुरागाईंलाई ठकेदार भेटवालसहित उनका दाजु भैरव भेटवाल, सुपरभाइजर ज्ञानबहादुर रायले आक्रमण गरी सञ्चार सामग्रीसमेत तोडफोड गर्दै ज्यान मार्ने धम्की दिएका थिए ।

११. २०७७ चैत २ गते नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सदस्य, टिभी अन्नपूर्ण डटकमका प्रधान सम्पादक राजु सुवेदीमाथि समाचार संकलनका क्रममा महानगरीय प्रहरी वृत जनसेवाका प्रहरी निरीक्षक तथा केही जवानहरूले दुर्व्यवहार गरेका थिए । प्रहरीले एक व्यक्तिलाई 'निर्घात घिसारेर कुटपिट गरिरहेको' भिडीयो खिचिरहेको बेला पत्रकार सुवेदीलाई प्रहरी टोलीले जबर्जस्ती मोबाइल खोसेर भ्यानमा हाल्नुका साथै शारीरिक तथा मानसिक यातना दिएको थियो ।

१२. २०७७ माघ १३ गते बुटवलमा आयोजित युवाहरूको भेलालाई सम्बोधन गर्ने क्रममा पूर्वमन्त्री महेश बस्नेतले सार्वजनिक कार्यक्रममा लोकतन्त्रको अभ्यासका नाममा अराजकता फैलाएको भन्दै कान्तिपुरका प्रधानसम्पादक सुधीर शर्मा, रातो पाटीका प्रधानसम्पादक ओम शर्मा र इकागजका सम्पादक हरिबहादुर थापाको नामै तोकेर सार्वजनिक रूपमा धम्क्याएका थिए ।

१३. २०७७ माघ २३ गते नेपाल पत्रकार महासंघ सुर्खेत शाखाका सदस्य शेरबहादुर थापालाई समाचार संकलनका क्रममा कुटपिट गरी घाइते बनाइएको थियो । समाचार संकलनका क्रममा माघ २३ गते दैलेखको महावु गाउँपालिका पुगेका पत्रकार थापामाथि उक्त गाउँपालिकाका उपाध्यक्षका छोरा ध्रुव बुढाले बिनाकारण कुटपिट गरेका थिए ।

१४. २०७७ माघ २३ मा काठमाडौंको दरबारमार्गमा नेकपा ओली समूहद्वारा आयोजना गरिएको आमसभाको समाचार संकलन गर्न पुगेका कान्तिपुर दैनिककी पत्रकार बिनु सुवेदी, नयाँपत्रिका दैनिकका पत्रकार दिपेश शाही देशसञ्चारकी दीपा दाहाल लगायतमाथि नेकपा कार्यकर्ताबाट दुर्व्यवहार भएको थियो ।

१५. २०७७ माघ २१ गते पोखराबाट प्रकाशित समाधान दैनिकका प्रधानसम्(पादक तथा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रामकृष्ण ज्ञवालीलाई फिरोज नाम बताउने व्यक्तिले फोनबाट गालीगलौज र धम्की दिनुका साथै पत्रिकाको कार्यालयलाई बमले उडाइदिने भनी धम्क्याएको थियो । महासंघ कास्की शाखाका अनुसार माघ २१ गते नेकपा विप्लव समूहको जनमुक्ति सेनामा कार्यरत रहेको बताउने निज व्यक्तिले दैनिकका प्रधान सम्पादक ज्ञवालीले आफ्नो फोन नउठाएको भन्दै प्रधानसम्पादक ज्ञवालीलाई विभिन्न किसिमका गालीगलौज र धम्की दिंदै पत्रिकाको कार्यालयलाई बमले उडाइदिन सक्ने भनेर धम्क्याएका थिए ।

१६. २०७७ माघ २२ गते नेकपा प्रचण्ड-माधव समूहले आव्हान गरेको आमहड्तालका क्रममा समाचार संकलन गरिरहेका आर्थिक अभियान दैनिकका कञ्चनपुर सम्वाददाता तथा कञ्चनपुर दैनिकमा कार्यरत पत्रकार मदन गिरीमाथि आन्दोलनकारी समूहले दुर्व्यवहार गरेका थिए ।

१७. २०७७ पुस १८ गते नेपाल पत्रकार महासंघ कञ्चनपुर शाखा सदस्य तथा धनगढी खबरका अञ्चनपुर सम्वाददाता हरिश जोशीलाई साँझ करिब ५ बजेतिर भीमदत्त नगरपालिकास्थित जनज्योति चोकमा सुवास बलले आक्रमण गरेका थिए । आक्रमणबाट पत्रकार जोशी सामान्य घाइते भएका थिए ।

१८. मिति २०७७ पुस २० गते नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव तथा टिभी टुडे टेलिभिजनका कार्यक्रम सञ्चालक मोहन पन्त, महासंघका केन्द्रीय पार्षद तथा सञ्चार खबर डटकम अनलाइनका सम्पादक मानध्वज लामा र आजको नयाँ संश्लेषण मासिकका कार्यकारी सम्पादक शेरबहादुर विश्वकर्मालाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्युरो सिआइबीको टोलीले नियन्त्रणमा लिएको थियो । पुस २० गते नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरोले पत्रकारहरू पन्त र लामालाई दिनभरि नियन्त्रणमा लिएर साँझ छोडेको थियो भने विश्वकर्मालाई केही दिनपछि छोडेको थियो ।

१९. २०७७ पुस १ गते नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सदस्य एवं बुढानिलकण्ठ- ११ कपनबाट सञ्चालित काठमाडौं खबर डटकम अनलाइन न्युज पोर्टलका अध्यक्ष आशीष गुरागाँई र प्रधानसम्पादक केशवराज पाठकलाई प्रकाशित समाचारका बारेमा धम्की दिइएको थियो । बुढानिलकण्ठ नगरपालिकामा भइरहेका अबैध बालुवा उत्खननले वातावरणमा पारेको नकारात्मक प्रभावका

विषयमा लगातार कलम चलाइरहेका पत्रकारद्वय गुरागाँइ र पाठकलाई आज दिउँसो बुढानिलकण्ठ नगरपालिका वडा नं १३ स्थित कौडोलमा रहेको एक प्लटिङ नजिक वनमा दुईजना मुखुण्डो लगाएका मानिसले 'यो प्लटिङ हाम्रो हो, तैँले ज्यान फाल्न निहु खोजिस्, अब के के हुन्छ हेर्दै जा' भनेर धम्की दिएको महासंघलाई बताए ।

२०. २०७७ मंसिर १२ गते न्यूज २४ का झापा जिल्ला सम्वाददाता राजु पौडेललाई भद्रपुर भन्सार कार्यालयका कर्मचारी डोरराज सुनुवार र भद्रपुरका व्यापारी सुबोध काठारीले भन्सारमा हुनेगरेको कर छलीसम्बन्धी समाचार संप्रेषण नगर्न ५० हजार घुस प्रलोभन देखाएको साथै उक्त घुस रकम लिन नमान्दा कर्मचारी डोरराज सुनुवार र भद्रपुरका व्यापारी सुबोध काठारीले दुर्व्यवहार गरेका थिए ।

२१. मिति २०७७ साल मंसिर १६ गते मालपोत कार्यालय दमकमा सेवाग्राही सुरेश साहले कर्मचारी इन्द्र राजवंशीलाई दशहजार घुस दिएको भिडियो खिचिरहेको अवस्थामा अनुसन्धान अनलाइनका सम्पादक खगेन्द्र घिमिरे र उक्त अनलाइनका क्यामरा पर्सन भाष्कर क्षेष्ठलाई कर्मचारी इन्द्र राजवंशी र लेखापढी गर्ने व्यक्तिहरूले आक्रमण गरेका थिए । आक्रमणबाट पत्रकार घिमिरेको टाउको र छातीमा सामान्य चोटपटक लागेको थियो ।

२२. २०७७ असोज २७ गते सिन्धुपाल्चोकमा निर्माणाधीन माथिल्लो चाकु 'ए' जलविद्युत आयोजनाबाट विस्थापित स्थानीयको बारेमा समाचार संकलनका लागि पुगेका गोरखापत्रका सम्वाददाता चित्र मिजार, कान्तिपुर दैनिकका सम्वाददाता अनिश तिवारी र एपीवान टीभीका पत्रकार निरोज चौलागाईलाई एक समूहले दुर्व्यवहार गर्नुका साथै हातपात गरेको छ । भोटेकोशी गाउँपालिका-४ फुल्पिङकट्टी सिल्डुङस्थित निर्माणाधीन माथिल्लो चाकु 'ए' जलविद्युत आयोजनाबाट विस्थापित भएका स्थानीयसँग कुराकानी गरिरहेको अवस्थामा सो समूहले पत्रकारको सवारी साधनमा समेत तोडफोडको प्रयास गरेका थिए ।

२३. २०७७ असोज १९ गते नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य एवं कान्तिपुर दैनिकका सम्वाददाता अवधेशकुमार झालाई समाचार संकलनका क्रममा प्रहरी उपरीक्षक राजेन्द्र धिमालले दुर्व्यवहार र समाचार संकलनमा रोक लगाएका थिए । सप्तरीमा बलात्कार र महिला हिंसाको घटना बृद्धि भएसँगै त्यस्ता घटना रोकथाम तथा घटनामा संलग्नमाथि कानुनी कारबाहीको माग राख्दै सप्तरीका महिला अधिकारकर्मी र महिला जनप्रतिनिधिहरूद्वारा जिल्ला प्रहरी कार्यालयमा सप्तरीमा 'डेलिगेसन' गएका थिए । सोही विषयमा समाचार संकलनका लागि पुगेका केन्द्रीय सदस्य झालाई प्रहरी उपरीक्षक धिमालद्वारा अपमानपूर्ण ढंगबाट समाचार संकलनमा रोक लगाउँदै बाहिर निकालेका थिए ।

२४. २०७७ असोज २ गते नेपाल फोटो पत्रकार क्लवका सदस्य चन्द्रबहादुर आले र अनलाइन खबरडटकमका पत्रकार रोयल आचार्यलाई समाचार संकलनका क्रममा प्रहरीले दुर्व्यवहार गरेको थियो । संविधान दिवसको सन्दर्भमा दिउँसो एक अधिवक्तासँग नयाँ बानेश्वरमा रिपोर्टिङ गर्ने क्रममा प्रहरी निरीक्षकको नेतृत्वमा रहेको टोलीले पत्रकारद्वयलाई दुर्व्यवहार गरेको थियो ।

२५. २०७७ भदौ २४ गते सिन्धुपाल्चोकका विभिन्न स्थानमा अवैधरूपमा बालुवा उत्खनन् गरेको विषयमा स्थानीय पत्रपत्रिका, रेडियो तथा अनलाइनमा प्रकाशित र प्रसारित समाचार सामग्रीलाई लिएर सामाजिक सञ्जाल र जिल्ला समन्वय समिति सिन्धुपाल्चोकबाट सञ्चारमाध्यमप्रति लक्षित गरी भएका टीकाटिप्पणी भएको थियो । महासंघ सिन्धुपाल्चोक शाखाका अनुसार, जिल्लाका विभिन्न भागमा अबैध बालुवा उत्खनन कार्य भइरहेको सन्दर्भमा समाचार सामग्री प्रकाशित र प्रसारित गर्ने सञ्चारमाध्यमहरूलाई लक्षित गरी सामाजिक सञ्जाल तथा जिल्ला समन्वय समितिबाट प्रेषित विज्ञप्तिमा 'पीत पत्रकारिता' लगायतका धम्की दिइएको थियो ।

२६. २०७७ भदौ २६ गते समाचारको विषयलाई लिएर धनगढीस्थित दिनेश सञ्चारगृहमा केही व्यक्ति प्रवेश गरी रेडियोमा कार्यरत पत्रकार जनक विष्टमाथि केही व्यक्तिहरूले आक्रमण गरेका छन् । आक्रमणबाट पत्रकार विष्टलाई टाउको लगायत शरीरका विभिन्न भागमा चोटपटक लागेको थियो । महासंघ कैलाली शाखाका अनुसार धनगढी थुनुवा कक्षभित्रै एक युवकले आत्महत्या गरेको विषयमा प्रकाशित समाचारलाई लिएर १५/२० जनाको समूह एक्कासि सञ्चारगृहभित्र प्रवेश गरी आक्रमण गर्दै उक्त समाचार डिलिट गर्न धम्क्याउदै एफएमका सहसम्पादक जनक विष्टलगायतका पत्रकारमाथि हातपात र कुटपिट गरेका थिए ।

२७. २०७७ भदौ २१ गते नेपाल पत्रकार महासंघ बागलुङ शाखाका पूर्वअध्यक्ष एवं एभिन्यूज टेलिभिजनका सम्वाददता राजेशचन्द्र राजभण्डारी, शाखा कार्यसमि(तिका सहसचिव एवं माउन्टेन टेलिभिजनका सम्वाददाता सुवास आचार्य र इ-बागलुङ अनलाइनका सहायक सम्पादक रामप्रसाद घिमिरेको व्यक्तिगत र पेशागत चरित्रमा आँच आउने गरी भाद्र १८ र २१ गते बागलुङ नगरपालिका-४ कुँडुले फँदी निवासी चन्द्रकान्त पौडेलले सामाजिक सञ्जाल फेसबुकमार्फत तस(वीरसहित पत्रकारत्रयलाई आफूले कारबाही गर्न अनुरोध गरेको र केन्द्रीय नेतृत्वले महासंघको सदस्यतासमेत नरहने गरी कारबाही गर्ने आश्वासन दिएको भनेर पोष्ट गरेका थिए ।

२८. २०७७ भदौं २१ गते नेपाल पत्रकार महासंघ काभ्रे शाखाका सदस्य एवं राष्ट्रिय समाचार समितिका वरिष्ठ सम्वाददाता राजाराम कार्कीमाथि भक्तपुरको सूर्यविनायक नगरापालिका-१० घर भई साँगास्थित नेपाल प्रहरीको स्कूलमा

शिक्षकको रूपमा कार्यरत उद्धव कार्कीले कुटपिट गरी घाइते बनाएको थियो । महासंघ काभ्रे शाखाका अनुसार बिहान ९:३० बजे बनेपा नगरपालिका- ८ बसपार्क नजिकैको हार्डवेयर पसलमा घरायसी सामान खरिद गर्ने क्रममा निज उद्धव कार्कीले पुरोना हिसाव किताव गर्नु छ भन्दै पत्रकार कार्कीमाथि सोही पसलमा रहेका सामग्रीले एक्कासी टाउको र शरीरका विभिन्न भागमा प्रहार गरी घाइते बनाएका थिए ।

२९. २०७७ साउन २६ गते नेपाल पत्रकार महासंघका सभासद् एवं कैलालीको टीकापुरस्थित कान्तिपुर सम्वाददाता गणेश चौधरीलाई समाचार संकलनका क्रममा ५ जनाको समूहमा रहेका व्यक्तिहरूले आक्रमण गरी घाइते बनाएका थिए । कैलालीको जानकी गाउँपालिका- ६ जगतपुरमा समाचार संकलनका क्रममा रहेका पत्रकार चौधरीमाथि सोही ठाउँका दिनेश कडायत, दिनेश शाह, शिरीष शाह, सुरेन्द्र शाही र रविन्द्र शाहको समूहले एक्कासी टाउकोमा प्रहार गरी घाइते बनाएका थिए ।

३०. २०७७ साउन १९ गते समाचार संकलनका क्रममा नेपाल पत्रकार महासंघ रूपन्देही शाखाका उपाध्यक्ष दिनेश पाण्डे र सेतोपाटी सम्वाददाता एवं लुम्बिनी टेलिभिजनकी समाचार प्रमुख भगवती पाण्डेमाथि अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रहरी निरीक्षक रोशन पाण्डेद्वारा गरिएको दुर्व्यवहार, हातपात तथा क्यामेरा खोसेको थियो । साउन १९ गते पूर्व-पश्चिम राजमार्गको रूपन्देहीको सालझण्डी सडक खण्डमा अख्तियार कार्यालय बुटवलबाट खटिएका सादा पोसाकमा रहेका प्रहरीले सवारी साधनको चेकजाँच गरिरहेको तस्बिर लिन खोज्दा प्रहरी निरीक्षक रोशन पाण्डेसहितका प्रहरीले पत्रकार भगवती पाण्डे को क्यामेरा खोस्नुका साथै सोही विषयलाई लिएर झगडा गर्दै पत्रकारद्वयमाथि दुर्व्यवहार र हातपातसमेत गरेका थिए ।

३१. २०७७ साउन १३ गते कोभिड १९ को विषयमा सरकारले जनताको स्वास्थ्यमाथि खेलवाड गरेको विरोधमा काठमाडौंको बसन्तपुरमा अनसनरतहरूको 'इनफ इज इनफ' आन्दोलनका एक अभियन्ताले अनलाइन खबर डटकमका सहसम्पादक खड्काथोकीमाथि दुर्व्यवहार गरेका थिए ।

३२. २०७७ साउन १ गते नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय सदस्य तथा हाम्रो खेलकुद डटकमका सम्पादक प्रकाश तिमल्सिनालाई अखिल नेपाल फुटवल संघ (एन्फा) का पूर्वअध्यक्ष गणेश थापा र उहाँका छोरा अभिषेक थापाले गालीगलौ ज र अभद्र व्यवहार गरेका थिए । समाचारका लागि टेलिफोनबाट वार्ता गर्ने क्रममा पत्रकार तिमल्सिनालाई (एन्फा) का पूर्वअध्यक्ष थापाले गालीगलौज र अभद्र व्यवहार गरेका थिए भने थापाका छोरा अभिषेकले थापाथलीस्थित हाम्रो खेलकुद डटकमको कार्यालय परिसरमै गएर पत्रकार तिमल्सिनासँग वादविवाद गर्दै अभद्र

व्यवहार गरेका थिए ।

३३. २०७७ असार १० गते समाचार संकलनका क्रममा नुवाकोटको तारकेश्वर गाउँपालिकाको गाउँसभामा समाचार संकलन गरिरहेका महासंघ नुवाकोट शाखाका कार्यसमिति सदस्य एवं टीभी त्रिशुलीका समाचार प्रमुख सुजीत भण्डारीलाई उक्त गाउँपालिका वडा नं. १, ३ र ६ का वडाध्यक्षहरू क्रमशः दयानिधि अधिकारी, सूर्यमान श्रेष्ठ र ज्ञानेन्द्र तामाङले दुर्व्यवहार गर्दै पत्रकार भण्डारीको हातबाट क्यामेरा खोसेर तोडफोड गरेका थिए । यस्तै त्रिशुली खबर साप्ताहिकका सम्पादक नवदीप श्रेष्ठ र मिक्स एफएम प्रमुख विष्णुप्रसाद अधिकारीलाई दुर्व्यवहार र आक्रमण प्रयास गर्दै पत्रकारद्वयको सवारी साधनमा समेत क्षति पुर्‍याएका थिए ।

३४. २०७७ जेठ ३२ गते समाचारको विषयलाई लिएर 'काठमाडौं प्रेस डटकम' का प्रवन्ध सम्पादक गोविन्द परियारलाई सुमेग ट्राभल्स एजेन्सीका सञ्चालक मेघ केसीले अपशब्द प्रयोग गर्दै धम्की दिएका थिए । प्रवन्ध सम्पादक परियारका अनुसार काठमाडौं प्रेसले जेठ २५, २६ र ३० गते चार्टर्ड उडानमा महँगो भाडा असुलेका विषयमा विभिन्न शीर्षकमा समाचार गरेपछि सोही निहुँमा आफूलाई आइतबार बिहान ११:५ बजे ९८५१०८२५१२ नम्बरको मोबाइलबाट फोन गरी निज केसीले 'समाचार के आधारमा लेखियो, प्रमाण के छ' भन्दै अपशब्द प्रयोग गर्दै सिध्याइदिन्छु भनेर धम्क्याएका थिए ।

३५. २०७७ जेठ २९ गते नेपाल पत्रकार महासंघ दाङ शाखाका अध्यक्ष सविन प्रियासनलाई घोराही- १५ न्युरोड निवासी साजन भण्डारीलगायतका दुई तीन जनाको समूहमा रहेका युवाहरूले दुर्व्यवहार गर्दै उहाँको मोटरसाइकलको चावी खोसी हातपातको प्रयास गरेका थिए । महासंघ दाङ शाखाका अनुसार घोराही-१४ शहीद लखनपार्क नजिक स्थानीयले टिप्पर रोकेको सम्बन्धमा आयोजित पत्रकार सम्मेलनमा आइदिन आग्रह भएपछि त्यहाँ पुग्नु भएका अध्यक्ष प्रियासनलाई स्थानीय र टिप्पर सञ्चालकबीच सहमति गराउन प्रयास गरिरहँदा निज भण्डारीलगायतका युवाहरूको समूहले दुर्व्यवहार गर्दै उहाँको मोटरसाइकलको चाबी खोसी हातपातसमेत गरेका थिए ।

३६. २०७७ जेठ २९ गते नेपाल पत्रकार महासंघ स्याङ्जा शाखाका सदस्य तथा नेपाल समाचारपत्र दैनिकमा कार्यरत पत्रकार भूपराज बस्याललाई गल्याङ स्वास्थ्य शाखा प्रमुखले गरेको आत्महत्याको विषयमा उहाँ आवद्ध पत्रिकामा प्रकाशित समाचारलाई लिएर स्थानीय प्रशासनले प्रहरीमार्फत जिल्ला प्रशासन कार्यालय उपस्थित गराई सोधपुछ गरी दुर्व्यवहार गरेको थियो ।

३७. २०७७ जेठ २६ गते काठमाडौंबाट प्रकाशित हुने जनआस्था साप्ताहिकको अनलाइन संस्करण 'जनआस्था डटकम' मा प्रकाशित समाचारको विषयलाई

लिएर नेकपा विप्लव समूहका प्रकाण्डद्वारा विज्ञप्ति जारी गरेर उक्त अनलाइनलाई धम्क्याइएको थियो । जेठ २६ गते बेलुकी ८ बजे उक्त अनलाइनमा प्रकाशित 'विप्लवका रणनीतिका बेलिविस्तार' शीर्षक समाचारलाई लिएर प्रकाण्डद्वारा अनलाइनविरूद्ध धम्कीपूर्ण विज्ञप्ति जारी गरिएको थियो ।

३८. २०७७ जेठ २७ गते समाचारको विषयलाई लिएर कैलालीका पत्रकार टंकप्रसाद कँडेललाई घोडाघोडी नगरपालिका -१ का स्थानीय व्यापारी होमप्रसाद आचार्यले फोनबाट धम्क्याएका थिए । महासंघ कैलाली शाखाका अनुसार घाडाघोडी नगरपालिकाको नीति तथा कार्यक्रमको विषयलाई लिएर प्रकाशन र प्रसारण भएको दुईवटा समाचार शीर्षकलाई लिएर पत्रकार कँडेललाई सोही राति फोन गरी निज व्यापारी आचार्यले समाचार किन लेखेको भनी अपशब्द प्रयोग गर्दै धम्क्याएका थिए ।

३९. २०७७ जेठ २९ गते नेपाल पत्रकार महासंघका पूर्वकोषाध्यक्ष एवं सुर्खेतबाट प्रकाशित हुने कर्णालीपत्र दैनिकका प्रधानसम्पादक सूर्यमणि गौतमको नाम जोडेर विभिन्न अनलाइनमा प्रकाशित समाचारको माध्यमबाट दुर्व्यवहार गरिएको छ । गौतमका अनुसार उहाँसम्बद्ध पत्रिकाको अनलाइन संस्करणमा 'सभामुखको लागि नियमविपरीत गाडी खरिद' सँग सम्बन्धित समाचारको विषयलाई लिएर कर्णाली प्रदेशसभाका सभामुख राजबहादुर शाहीको निर्देशनमा व्यक्तिगत चरित्रहत्या हुने गरी समाचार प्रकाशित भएका थिए ।

४०. २०७७ जेठ २७ गने नेपाल पत्रकार महासंघ, मकवानपुर शाखाका सदस्य एवं तुखबरडटकमका समाचार शाखा प्रमुख बलराम पुडासैनीलाई समाचार संकलनका क्रममा हटौडा-९ निवासी रमेश गेलालले दुर्व्यवहार गरेका थिए । महासंघ मकवानपुर शाखाका अनुसार हेटौडा- ४ पारिजातपथमा मलखाद लिन लामबद्ध रहेका किसानहरूले भोग्नु परेको समस्या र त्यहाँको अवस्था बारेमा समाचार सकंलनका लागि पुगेका पत्रकार पुडासैनीलाई निज गेलालले बिनाकारण प्रहरीकै सामुन्ने धकेल्दै अपशब्द प्रयोग गर्दै दुर्व्यवहार गरेका थिए ।

४१. २०७७ जेठ २२ गते नेपाल पत्रकार महासंघ सुर्खेत शाखाका कोषाध्यक्ष टेकेन्द्र विश्वकर्मा तथा दैलेख शाखाका सदस्य खगेन्द्र सुनारलाई समाचार संकलनका लागि जाने क्रममा प्रहरीले बाटैमा रोकेर फिर्ता गराएको थियो । रूकुम घटनाको सम्बन्धमा दलित पत्रकार संघका पदाधिकारी सम्मिलित टोलीसँगै समाचार संकलनको लागि जाजरकोट जाने क्रममा प्रहरीले पत्रकारद्वयलाई सूचना विभागले जारी गरेको प्रेस पास देखाउँदा देखाउँदै माथिको आदेश भन्दै सल्यानको बालुवासंग्राहीबाट फर्काएको थियो ।

४२. मिति २०७७ जेठ १६ गते कैलालीस्थित टीकापुरबाट प्रशारित रेडियो नमस्तेमा प्राविधिकका रूपमा कार्यरत विफा चौधरीलाई राति करिब १२ बजे

तिर तीन जनाको समूहमा आएका व्यक्तिहरूले मार्ने उद्देश्यसहित आक्रमण गर्दा घाइते हुन भएका थिए । टीकापुर नगरपालिका १ बस्ने चौधरीलाई हात बाँधेको, घाटीमा टेप लगाएको तथा शरीरमा रगतको टाटा भएको अवस्थामा प्रहरीले उद्धार गरी अस्पताल भर्ना गरेको महासंघ कैलाली जिल्ला शाखाले जानकारी गराएको छ ।

४३. २०७७ बैशाख २८ गते वीरगन्जस्थित नयाँपत्रिका दैनिकका सम्वाददाता एवं सामुदायिक रेडियो नारायणी एफएममा कार्यरत पत्रकार तिवारी यादवलाई प्रहरीले पक्राउ गरेको थियो । वीरगन्जको लिंकरोडस्थित एफएम स्टेशनको प्रवेशद्वारनजिकै सडकपेटीमा मोटरसाइकल पार्किङ गरेको निहुँमा दिउँसो २:०० बजे प्रहरीले पत्रकार यादवलाई लछारपछार गर्दै एफएम स्टेशनकै प्रवेशद्वारबाट पक्राउ गरी प्रहरी भ्यानमा राखेर जिल्ला प्रहरी कार्यालय लगेको थियो ।

४४. २०७७ बैशाख २३ गते समाचार संकलनका क्रममा पोखरामा पत्रकार प्रेम नेपालीलाई प्रहरी निरीक्षकद्वय नरहरि अधिकारी र दीपक केसीले दुर्व्यवहार थिए । करिब १२:३० बजेतिर जिल्ला प्रहरी कार्यालय कास्कीको गेटबाहिर बाटुले चौरमा भएको जातीय विभेदको घटनालाई लिएर निवेदन दर्ता भएको ५ दिनसम्म पनि पीडकलाई पक्राउ नगरेपछि भेला भएका पीडित पक्ष, कानुन व्यवसायी र जनप्रतिनिधिहरूका सम्बन्धमा समाचार संकलन गर्ने क्रममा प्रहरी निरीक्षकद्वयले पत्रकार नेपालीलाई भिडियो खिच्न रोक लगाउँदै दुर्व्यवहार गर्नुका साथै क्यामेरा खोस्ने प्रयास समेत गरेका थिए ।

४५. कोरोना महामारी र लकडाउनका बेला नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयमा ५१७ जना पत्रकारहरूले पेशागत सुरक्षाका बारेमा उजुरी दिएका थिए । सञ्चारमाध्यमले रोजगारीबाट निष्काशन गरेको, जबरजस्ती बेतलबी बिदामा पठाएको, तलब घटाएको, नियमित तलब नदिएको, सेवासुविधा कटौती गरेको लगायत उजुरी परेका थिए । यीमध्ये अधिकांश घटना नेपाल पत्रकार महासंघ र सम्बन्धित सञ्चारगृह सञ्चालकबीच छलफलबाट समाधान गरिएको थियो भने कतिपयका लागि महासंघले दबावमूलक आन्दोलन सञ्चालन गरेको र अन्य केहीमा कानूनी प्रक्रियामा गएको थियो ।

# प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र प्रेसमैत्री कानुन निर्माणको सवाल



**गोविन्द आचार्य**

## अवधारणा

पूर्ण लोकतन्त्रमा मात्रै पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सम्भव छ । लोकतन्त्रबिना प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निर्बाध प्रयोगको कल्पनासम्म पनि गर्न सकिँदैंन । प्रेसले पूर्णरूपमा स्वतन्त्रता पाएमा मात्रै त्यसले जनतालाई सही सूचना सम्प्रेषण गर्नुका साथै लोकतान्त्रिक शासनलाई जिम्मेवार र उत्तर दायी बनाउन भूमिका खेल्न सक्छ । प्रेस स्वतन्त्रताबिना कुनै पनि स्वतन्त्रता सम्भव हुँदैन । त्यसैले स्वतन्त्र प्रेसलाई लोकतन्त्रको अभिन्न अंग मानिन्छ । प्रेसले लोकतन्त्रको पक्षमा वकालत गर्छ र अभिव्यक्ति स्वतन्त्रताको प्रयोगका साथै यसको रक्षाका लागि महत्वपूर्ण भूमिका खेल्दछ । प्रेस स्वतन्त्रताको अधिकार भनेको लोकतन्त्रको आधारभूत विषय हो । स्वतन्त्र प्रेसले लोकतन्त्रको रक्षा र विकासका लागि समेत महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

## पृष्ठभूमि

प्रेसलाई राज्यको चौथो अंगका रूपमा उपमा र सम्मान गर्ने गरिन्छ । सूचना प्रविधिको विकास र बिस्तारसँगै विश्वका कतिपय देशमा त चौथो होइन पहिलो वा दोस्रो अंगको उपमा दिने गरिन्छ । संवैधानिकरूपमै प्रेसलाई राज्यको कुनै अंगका रूपमा स्वीकार नगरिए पनि धेरैजसो लोकतान्त्रिक देशका संविधानमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टी गरिएको पाइन्छ । नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको प्रावधान राखिएको छ ।

प्रेसले राज्यका कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका काम कारवाहीको निरन्तर निगरानी र खबरदारी गर्ने, ती निकायका राम्रा वा नराम्रा कामबारे जनतासम्म सत्यतथ्य प्रवाह गर्ने तथा जनताका आवाज बोल्ने काम गरेकैले यसलाई चौथो अंग भन्ने गरिएको हो । लोकतान्त्रिक व्यवस्थामा राज्यका अन्य अंगबाट प्रेसमाथि नियन्त्रण नहुने बरू स्वतन्त्रतापूर्वक कार्य गर्न पाउने संवैधानिक, नीतिगत, कानूनी र संरचनागत व्यवस्थाको ग्यारेण्टी गरिन्छ । कानूनीमात्र नभएर व्यवहारिकरूपमै प्रेसमाथि कुनै पनि प्रकारको वाधा, व्यवधान वा अवरोध नआउनु नै प्रेस स्वतन्त्रताको प्रत्याभूति हुनु हो ।

## ३. प्रेस स्वतन्त्रता सम्वन्धमा अन्तर्राष्ट्रिय प्रत्याभूति

“प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ, यस अधिकारमा बिना कुनै हस्तक्षेप आफ्ना मत राख्ने र बिना रोकतोक कुनै भौगोलिक सिमानाको अधिनमा नरही जुनसुकै माध्यमद्वारा सूचना तथा विचार प्राप्त गर्ने, खोजी गर्ने र प्रसार गर्ने अधिकार समेत समावेश छ ।“

-संयुक्त राष्ट्र संघको मानवअधिकारसम्वन्धी विश्वब्यापी घोषणापत्रको धारा १९ बाट

संयुक्त राष्ट्रसंघको घोषणापत्रले प्रेस स्वतन्त्रतालाई मानवअधिकारको आधारभूत मापदण्डको रूपमा अंगिकार गरेको छ । यो अधिकारलाई संयुक्त राष्ट्रसंघको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा पनि उल्लेख गरिएको छ, जसलाई नेपालले सन् १९९१ मे १४ मा अनुमोदन गरिसकेको छ । विचार तथा अभिव्यक्ति स्वतन्त्रताका सवालमा युरोपेली, अफ्रिकी र अमेरिकी क्षेत्रीय अधिकार अभिसन्धिहरूले पनि संरक्षण गरेका छन् । विश्वका धेरै देशका संविधानमा अभिव्यक्ति स्वतन्त्रता अन्तर्गत प्रेस स्वतन्त्रतालाई अबलम्वन गरेको पाइन्छ ।

संयुक्त राष्ट्रसंघको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा १९ ले विचार, अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्ने सन्दर्भमा निम्न व्यवस्था गरेको छ-

१. प्रत्येक व्यक्तिलाई बिना कुनै हस्तक्षेप आफ्नो विचार राख्न पाउने अधिकार हुनेछ ।

२. प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, जसअन्तर्गत बिना कुनै बन्देज वा सिमा आफूले चाहेको सूचना तथा विचार माग्ने, दिने, प्राप्त गर्ने तथा त्यस्तो सूचना वा विचार मौखिक, लिखित वा मुद्रितरूपमा वा कलात्मक

रूपमा वा आफ्नो छनौटको अन्य कुनै माध्यमबाट प्रसार गर्न पाउने स्वतन्त्रता हुनेछ ।

यो अधिकारको प्रयोग गर्दा देहायका अधिकार र दायित्व संरक्षण गर्न समेत आवश्यक ठानिएको छ ।

१. अरूको अधिकार वा प्रतिष्ठाको सम्मान

२. राष्ट्रिय सुरक्षा, सार्वजनिक सुव्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण

## प्रेस स्वतन्त्रता सम्वन्धी म्युनिख घोषणापत्र १९७१

जर्मनीको म्यूनिखमा सम्पन्न विश्वभरका पत्रकारहरूको एक भेलाले पत्रकारहरूको अधिकार र कर्तव्यबारे म्युनिख घोषणापत्र जारी गरेको थियो । सन् १९७१ नोभेम्वर २४ र २५ मा अनुमोदन गरिएको यो घोषणापत्रलाई अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजे)लगायत विश्वका विभिन्न पत्रकार संस्थाले स्वीकार गरेका छन् ।

## पत्रकारका अधिकार तथा कर्तव्य

-जस्तोसुकै परिणाम भोग्नु परे पनि सत्यको सम्मान गर्नुपर्छ । सत्य थाहा पाउनु जनताको अधिकार हो ।

-सूचना पाउने, टिप्पणी गर्ने र आलोचना गर्ने स्वतन्त्रताको रक्षा गरिनु पर्दछ ।

-आफूलाई स्रोत थाहा भएका तथ्यका आधारमा रिपोर्ट गर्नुपर्छ ।

-आवश्यक अभिन्न सूचनाहरू दबाइनु हुँदैन ।

-गोप्यता राख्ने विश्वास दिएर प्राप्त गरिएका सूचनाहरूको स्रोत खोल्नु हुँदैन ।

-हरेक दवावको प्रतिकार गर्नुपर्छ ।

-पत्रकारहरूलाई उसको विश्वास वा विवेकविपरीत विचार व्यक्त गर्न बाध्य पार्न सकिने छैन ।

यसैगरी हाम्रो छिमेकी देश भारतको संविधानको धारा १९, (१) मा प्रेस स्वतन्त्रतालाई अभिव्यक्ति स्वतन्त्रता अन्तर्गत राखिएको छ । अस्ट्रेलियामा भने त्यहाँको संविधानको धारा १३ मा हरेक व्यक्तिलाई बोल्ने, लेख्ने, प्रसारण गर्ने

अधिकारको ग्यारेण्टी गरिएको छ भनिएको छ ।

यसरी अन्तर्राष्ट्रिय कानुन एवं अभिसन्धिहरू हेर्दा पनि विश्वमा प्रेस स्वतन्त्रताको उच्च प्रत्याभूति गरिएको देखिन्छ । हरेक व्यक्तिलाई विचारको स्वतन्त्रता, सूचनाको हकको स्वतन्त्रता र त्यस्ता सूचनाहरू खोज्ने, प्राप्त गर्ने र आफूले चाहेको माध्यमबाट प्रकाशन/प्रसारण गर्ने स्वतन्त्रता दिएको देखिन्छ ।

यी स्वतन्त्रताको उपभोग गर्दा अरूको प्रतिष्ठा र अधिकारको सम्मान गर्नुपर्ने तथा राष्ट्रिय सुरक्षा, सार्वजनिक सुव्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकतामा ध्यान दिनुपर्ने व्यवस्था गरिएको पाइन्छ । जसलाई संयुक्त राष्ट्रसंघको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धको धारा १९(३)को परिच्छेद (क,ख)मा व्यवस्था गरिएको छ ।

## ४. प्रेस स्वतन्त्रता विरोधी विधेयक निर्माणका कसरतहरू

नेपालको संविधान २०७२ को प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेण्टी गरिएको छ । यसअघिका संविधानमा यस्तो व्यवस्था थिएन । यसैगरी नेपालको संविधान २०७२ को धारा १७ मा स्वतन्त्रताको हक अन्तर्गत विचार र अभिव्यक्तिको स्वतन्त्रता ग्यारेण्टी गरिएको छ भने धारा १९ मा सञ्चारको हकअन्तर्गत उपधारा १ मा सञ्चारमाध्यममा प्रकाशन, प्रसारण हुने सामग्रीमा पूर्वप्रतिबन्ध नलगाइने, २ मा सञ्चारमाध्यमको बन्द, जफत वा दर्ता खारेज वा सामग्री जफत नगरिने तथा ३ मा सञ्चार साधनलाई अवरूद्ध नगरिने व्यवस्था छ ।

संविधानतः प्रेस स्वतन्त्रताको सुनिश्चितता गरिए पनि बेला बेलामा आफूलाई लोकतान्त्रिक बताउने सरकार वा पार्टीहरूले प्रेसको स्वतन्त्रतामाथि नीतिगत, कानूनी र व्यवहारिकरूपमा आक्रमण गर्ने गरेको देखिन्छ । प्रेसले आफ्नो धर्म निर्वाह गर्ने क्रममा सत्यतथ्य प्रवाह गर्दा र जनताका आवाज बोल्दा राज्यका अन्य अंगको नेतृत्वमा रहनेले आफ्नो स्वार्थ वा "इज्जत" माथि धक्का पुग्ने देखे भने जुनसुकै बेला पनि प्रेसमाथि आक्रमण गर्ने गरेका छन् । यस्तो अवस्थामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूले निरन्तर खबरदारी र आन्दोलनसम्म गर्नुपर्ने अवस्था आएको देख्न सकिन्छ ।

दोस्रो जनआन्दोलन सफल हुनासाथ निर्माण भएको सरकारले २०६३ सालमा ल्याएको विद्युतीय कारोबार ऐनको दफा ४७ लगाएर अहिलेसम्म सय जनाभन्दा बढी पत्रकारलाई जेल र हिरासतको सजाय भोग्न बाध्य पारिएको छ । पत्रकार महासंघले यो दफा खारेज गर्न र यस्तो ऐन पत्रकारिता क्षेत्रमा लागू नहुने व्यवस्था सुनिश्चित गर्न माग गर्दै आएकोमा गत दुई वर्षअघि केपी ओली नेतृत्वको सरकारले संसदमा प्रस्तुत गरी विचाराधीन रहेको सूचना प्रविधि

विधेयकमा यही दफाको वाक्यांशसहित अझै कडा प्रावधानहरू राखिएका छन् । संसदमा विचाराधीन सूचना प्रविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका केही प्रावधान हुबहु पारित भए संविधानप्रदत्त नागरिक अधिकार हनन् हुने मात्रै होइन स्वतन्त्र पत्रकारिताको मूल मर्म र भावनामाथि गम्भीर आघात पर्नुका साथै नागरिकको आलोचना गर्न पाउने अधिकारसमेत अपहरण हुन पुग्नेछ ।

संयुक्त राष्ट्रसंघको मानवअधिकार घोषणापत्र, नागरिक अधिकार सम्बन्धी दस्तावेजहरू एवम् नेपालको संविधानका प्रावधानमा रहेका अधिकारमाथि नै चुनौति हुने गरी यो विद्येयकमा प्रावधानहरू राखिनु र समाचार प्रवाह गर्दा वा अभिव्यक्ति गर्दा भएका गल्तीलाई फौजदारी अभियोग मान्नु र नियमित अदालतभन्दा फरक खालको नेपाल सरकारले नियुक्ति गरेका व्यक्तिहरू रहेको अदालत गठन गरी त्यस्ता अदालतलाई जेल सजायसहित दण्ड जरिवाना तोक्ने अधिकार दिनुले हरेक व्यक्तिको अभिव्यक्ति स्वतन्त्रतामै नियन्त्रण गर्न खोजेको देखिन्छ । लोकतान्त्रिक मुलुकमा संबैधानिकरूपमै ग्यारेण्टी गरिएका मौलिक हकको उपभोग गर्दा कानूनको उल्लंघन भएमा नियमित अदालत बाहेक अन्य अर्धन्यायिक निकाय वा यस्ता सरकार आफैले गठन गर्ने कठपुतली अदालतले सजाय तोक्न सक्दैनन् । यो सैद्धान्तिक विषय हो, यसमा विचलन आउनु भनेको लोकतन्त्रप्रतिको निष्ठामै प्रश्न उठ्नु हो । सरकारले गठन गर्ने यस्तो अदालत स्वतन्त्र त हुँदैनन् नै, सातवटै प्रदेशमा सरकारले अदालत गठन गर्दा खर्चिलो, बोझिलो र नियमित अदालतका काम कारवाहीसमेत प्रभावित हुनसक्ने देखिन्छ । यस्ता अदालतबाट कैदको सजाय र मोटो जरिवाना तोक्न मिल्दैन । यसप्रति हाम्रा राजनीतिक दलका नेता र जनप्रतिनिधिहरू गम्भीर बन्नै पर्दछ ।

यसैगरी वर्तमान केपी ओली सरकारले २०७६ बैशाख २७ गते संसदको राष्ट्रियसभामा पेश गरेको मिडिया काउन्सिल विधेयकले सिंगो पत्रकारिता क्षेत्रलाई सरकारको मुठ्ठीमा कैद बनाउने कसरत गरेको देखिएपछि पत्रकार महासंघको अगुवाईमा सिंगो सञ्चार क्षेत्र आन्दोलित बन्नु परेको थियो । गत वर्ष राष्ट्रियसभाले दण्ड जरिवानाका प्रावधानलाई नियमित अदालतबाट मात्रै हुनसक्ने गरी सच्याएर पारित गरे पनि विधेयकमा रहेका काउन्सिलको गठन, यसको स्वायत्तता लगायतका प्रावधानमा सुधार हुनसकेको छैन । मिडिया काउन्सिल विधेयक सहित सञ्चारसम्वन्धी विधेयकमा रहेका प्रेस स्वतन्त्रताविरोधी प्रावधानहरू सच्याएर प्रेसमैत्री कानून निर्माण गर्ने र पत्रकार महासंघसहितका सरोकारपक्षसँग छलफल गरेर अघि बढ्ने सम्बन्धित पक्षको प्रतिबद्धतापछि महासंघले घोषित आन्दोलन स्थगित गरी छलफलमा जुटे पनि संसदको सम्बन्धित समिति र सरकारले महासंघसहित सरोकार पक्षसँग पर्याप्त छलफल गरेको छैन । बरू सरकारले सरोकार पक्षसँग छलफल बिना २०७७ साउनमा सार्वजनिक प्रसारण सेवासम्वन्धी विधेयक, जुन विधेयक पूरै प्रेस स्वतनत्रता विरोधी छ, संसदमा दर्ता गरेर आफ्नो असली चरित्र उजागर गरेको छ । सरकार र संसदको समिति समेतको

रवैया हेर्दा लोकतान्त्रिक आन्दोलनबाट प्राप्त भई संवैधानिकरूपमै संस्थागत गरिएका प्रेसका अधिकारहरू व्यवहारमा कार्यान्वयन हुन नदिने षडयन्त्र भइरहेको बुझ्न सकिन्छ । यसका विरूद्ध संचार क्षेत्रले आफ्नो दवावलाई जारी राख्नु पर्नेछ । संसदमा पेश भएका र पेश हुने तयारी अवस्थामा रहेका सञ्चारसम्वन्धी विधेयकमा भएका प्रेस स्वतन्त्रता, संघीयता, समावेशिता विरोधी दफा र उपदफाको विरोध पत्रकारिता जगतले मात्र होइन, सबै लोकतानित्रक शक्ति र नागरिक संस्थाहरूले गर्नु पर्दछ ।

## ५. पूर्ण प्रेस स्वतन्त्रतामैत्री कानून निर्माण आजको आवश्यकताः

नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई नयाँ संविधानले वैधानिकता प्रदान गरेसँगै नयाँ व्यवस्थाले अंगिकार गरेका मूल सिद्धान्तअनुसार राज्यको सबै क्षेत्रमा पुनर्संरचना हुनु पर्दछ । सञ्चार क्षेत्रमा पनि पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेण्टी गर्ने गरी संविधानको मूल मर्म र भावना एवम् लोकतान्त्रिक व्यवस्थाका सिद्धान्तअनुसार पुनर्संरचना गर्ने गरी नयाँ नीति, कानून र संरचना बन्नु पर्छ भन्ने समग्र सञ्चार क्षेत्रको माग हो ।

नयाँ संविधान जारी भएपछि तत्कालीन केपी ओली नेतृत्वको सरकारले २०७२ सालमा काशीराज दाहालको नेतृत्वमा २१ सदस्यीय उच्चस्तरीय आम सञ्चार नीति सुझाव समिति बनायो । सबै सरोकार पक्षको सहभागिता रहेको सो समितिले बुझाएको आम सञ्चार नीति र नियामक निकायसम्बन्धी व्यवस्थालाई २०७३ साउन ७ गतेको केपी ओली नेतृत्वको सरकारले मन्त्रिपरिषद बैठकबाटै पारित गरेको थियो । अहिले संसदमा सरकारले दर्ता गरेका र सरकारले संसदमा लाने तयारी गरेका सञ्चारसँग सम्बन्धित विधेयकहरू आम सञ्चार नीतिले दिशानिर्देश गरेअनुरूप नआएपछि सरोकारवाला पक्ष ती दफाहरू सच्याउन माग गर्दै विरोधमा उत्रन बाध्य भएका हुन् । सरकारले पत्रकार महासंघसहितका सरोकारवाला पक्षसँग कुनै छलफल र सहमतिसमेत नगरी संसदमा पुऱ्याएका विधेयकभित्रका धेरैजसो प्रावधानले प्रेस स्वतन्त्रतामाथि गम्भीर आघात पुग्नुका साथै संविधानमाथि नै प्रहार भएको छ ।

सरकारले संसदमा दर्ता गरी राष्ट्रियसभाले पारित गरेको मिडिया काउन्सिल विधेयकका ३२ दफामध्ये केही दफामा सकारात्मक सुधार भए पनि प्रस्तावनासहित १४ वटा दफा र उपदफा अझै पनि प्रेस स्वतन्त्रता विरोधी छन् । पत्रकार आचारसंहितामा नियमन गर्ने निकाय अन्य कुनै स्वतन्त्र निकाय वा संस्थाको शिफारिस बिना सरकार आफै गठन गर्ने, त्यो निकायलाई आचारसंहिता बनाउनेदेखि कारवाही गर्ने, सरकारको सुझाव अनिवार्य पालना गर्नुपर्ने, सरकारले जुनसुकै बेला हटाउने जस्ता प्रावधानले स्वतन्त्र पत्रकारिताको मूल मर्ममै प्रहार हुन पुग्दछ । सञ्चार क्षेत्रका यावत् सरोकारलाई प्रतिनिधिसभाले सम्बोधन गरी

विधेयक परिमार्जन गरेन भने यस्तो विधेयक सञ्चार क्षेत्रका लागि मान्य हुन सक्दैन । यसैगरी सूचना प्रविधि विधेयकका प्रावधानले त पत्रकारको मात्र नभई आम नागरिकको मौलिक हक हनन् गर्न पुग्दछ । यसको नागरिकस्तरबाटै प्रतिवाद हुनु जरूरी छ ।

यसैगरी केन्द्र, प्रदेश र स्थानीय सरकारले निर्माण गरेका विभिन्न सञ्चार कानून, नीति र संरचना प्रेस स्वतन्त्राताविरोधी रहेको पाइएको छ । यसलाई तत्काल खारेज तथा परिमार्जन गराउन र बन्दै गरेका कानूनहरूलाई प्रेस स्वतन्त्रतामैत्री बनाउन सञ्चार क्षेत्रले एकपटक फेरि दवाव बढाउनु अनिवार्य भएको छ ।

**(आचार्य नेपाल पत्रकार महासंघका निवर्तमान अध्यक्ष हुनुहुन्छ ।)**

## नेपालको पत्रकारिता क्षेत्रमा

# महिला पत्रकारका चुनौतीहरू



बाला अधिकारी

वि.सं. १९५८ मा गोरखापत्रको प्रकाशन सँगसँगै नेपालमा पत्रकारिताको इतिहास सुरू भएको हो । बि.सं. २००८ सालमा साधना प्रधान र कामाक्षादेवीको सम्पादकत्वमा 'महिला' मासिक पत्रिका प्रकाशित भएपछि मात्र नेपालको पत्रकारिता क्षेत्रमा महिला संलग्नताको इतिहास सुरू भएको दृखिन्छ । २००८ सालपछि महिलाहरूको संलग्नतामा क्रमशः २००८ सालमा 'प्रभा' मासिक, बि.सं. २००९ सालमा 'प्रतिभा' मासिक, २०१० सालमा 'जनविकास' मासिक, २०११ सालमा जनसाहित्य द्वैमासिक पत्रिकाहरू प्रकाशित भएको पाइन्छ । प्रकाशित पत्रिकामध्ये अरू सबै एक-दुई अंकमा नै सीमित भइरहेको परिप्रेक्ष्यमा जनविकास मासिक भने १२ अंकसम्म निक्लनुले उनीको यसप्रतिको अनन्त लगाव र समर्पण रहेको पाइन्छ । यदि समयको गतिसँगै त्यो क्रम अगाडि बढ्न सकेको भए नेपालको सञ्चार क्षेत्रमा महिला पत्रकारहरूको सहभागिताको अवस्था निकै राम्रो भइसकेको हुन्थ्यो ।

बि.सं. २०४६ सालको राजनीतिक परिवर्तन र यसले सिर्जना गरेको खुल्ला वातावरणले सिंगो सञ्चार क्षेत्रमा महिलाहरूका लागि पनि विकासको ढोका त खोलिदियो तर देशमा व्याप्त राजनीतिक अस्थिरता, शिक्षाको अभाव तथा रूढिवादी समाज, पितृसत्तात्मक सामाजिक र पारिवारिक संरचना र मूल्य-मान्यताले गर्दा यस क्षेत्रमा महिला पत्रकारहरूको सहभागिताको अवस्था आजसम्म आइपुग्दा पनि अपेक्षितरूपमा बृद्धि हुन सकिरहेको छैन । तर विगतको तुलनामा संख्यात्मक रूपमा महिला पत्रकारहरूको संख्या दिनानुदिन बढ्दै गइरहेको पाइन्छ ।

प्रेस काउन्सिल नेपालको वार्षिक प्रतिवेदन २०७६/७७ का अनुसार सूचना तथा प्रसारण विभागमा नेपालभरिबाट दैनिक ७४३, अर्धसाप्ताहिक ३९, साप्ताहिक २,९५६, पाक्षिक ४७६, मासिक २,३४५, द्वैमासिक ३८४, त्रैमासिक ६५९, चौमासिक ३९, अर्धबार्षिक ८७, बार्षिक ९३ गरी कूल ७,८६९ वटा पत्रपत्रिकाहरू दर्ता भएको भएतापनि प्रेस काउन्सिलको अभिलेख अनुसार प्रकाशनमा दैनिक, अर्ध साप्ताहिक, साप्ताहिक र पाक्षिक गरी जम्मा ३,९६६ (मासिक, द्वैमासिक, त्रैमासिकबाहेक) मात्र पत्रपत्रिकाहरू रहेको उल्लेख छ । तीमध्य सबैभन्दा बढी पत्रपत्रिकाहरू काठमाडौं उपत्यकाबाट २,०१० वटा अर्थात् ५०.५८

प्रतिशत प्रकाशित हुने गरेका छन् । यद्यपि केही समययतादेखि पत्रिकाको संख्यात्मक वृद्धि भइ प्रतिष्पर्धात्मक वातावरण भएसँगै स्तरीय समाचारको अपेक्षा गर्न थालिएको छ । यति धेरै पत्रपत्रिका प्रकाशनमा बृद्धि भएतापनि पत्रकार महिलाहरूको संख्यामा अपेक्षाकृत रूपमा बृद्धि भएको पाइँदैन ।

संविधानले राज्यको हरेक निकायहरूमा महिला सहभागिता ३३ प्रतिशत अनिवार्य हुनुपर्ने ब्यवस्था गरेपनि प्रतिनिधिसभा, प्रदेश र स्थानीय तहमा बाहेक राज्यका अन्य निकाय, केन्द्र र प्रदेश सरकारमा महिला सहभागिता ३३ प्रतिशत रहेको छैन र हालसम्म कुनै पनि प्रदेशमा महिला मुख्यमन्त्री बन्न सकेको अवस्था छैन । पत्रकारिता क्षेत्रको सन्दर्भमा भन्ने हो भने पितृसत्तात्मक सामाजिक संरचना भएकाले हाम्रो धर्म र संस्कृतिले विभिन्न अवस्थामा महिलाहरूलाई उचित सम्मान दिएको पाइँदैन । बालिकाहरूको विद्यालय भर्ना दर बृद्धि भएतापनि तिनको अध्ययनको निरन्तरतामा अनेकौ अवरोधहरू अहिलेसम्म पूर्णतः हटिसकेको अवस्था छैन । असमान सोंच र बिभेदकारी व्यवहारले बालिकाहरू विद्यालय गएपनि घरायशी कामकाज र सानै उमेरमा विवाह गरिदिने प्रचलनले गर्दा अध्ययनलाई निरन्तरता दिन नसकेर उनीहरूको शारीरिक र मानसिक सशक्तीकरणमा समेत अवरोध उत्पन्न हुने गरेको विभिन्न अध्ययनहरूले देखाउँदै आएका छन् ।

**सञ्चारकर्मी महिलाहरूको वर्तमान अवस्था**ः
विगतको तुलनामा वर्तमान अवस्थामा आइपुग्दा नेपाली मिडियामा महिलाको उपस्थिति घनिभूत बन्न थालेको मान्न सकिन्छ । पछिल्लो समय नेपाली मिडियामा महिला पत्रकारहरूको उपस्थिति केही आशालाग्दो र नेतृत्वदायी समेत बन्न पुगेको कुरा नेपाल पत्रकार महासंघको हालै सम्पन्न २६औं निर्वाचनको मत परिणामले पनि देखाएको छ । नेपाली पत्रकारहरूको हकअधिकारका लागि वकालत गर्ने एकमात्र नेतृत्वदायी साझा चरित्र बोकेको छाता संगठन नेपाल पत्रकार महासंघको तथ्यांकअनुसार कुल १३ हजार ६१ पत्रकारहरूमध्ये दुई हजार ४०५ जना महिला पत्रकार रहेका छन् । यो कुल संख्याको लगभग १८.४% मात्र हो । तर महिला पत्रकारहरू सदस्य रहँदै गर्दा केन्द्रको कार्यसमितिमा वा नीति निर्माण तहमा उपाध्यक्ष (महिला), सचिव (महिला) पदाधिकारी लगायत १० जना महिला पत्रकारको सहभागिता बढ्नु र पहिले कुल सदस्य संख्याको १६ प्रतिशत महिला पत्रकार सदस्यबाट १८.४ प्रतिशत पुग्नुले विकासवादी र संख्याको दृष्टिकोणबाट हेर्दा ठूलो उपलब्धि हो । त्यसमा पनि चुनावी प्रतिस्पर्धाबाट महिला पत्रकारहरू महासंघको नेतृत्वमा स्थापित हुनसक्नु त झन गौरवपूर्ण इतिहास बनाउनु हो । यसबाट नेपाली महिला पत्रकार सहभागिताबाट प्रतिष्पर्धी अवस्थामा स्थापित हुन सफल भएको सरसर्ती हेर्दा देखिने तस्वीर हो । तर तस्वीरमा देखिए जस्तो छैन- पत्रकार महिलाहरूको जीविकोपार्जनको अवस्था । यो निकै कष्टप्रद छ ।

सञ्चार क्षेत्रमा सञ्चारकर्मीको नियुक्ति र अवकाशको सम्बन्धमा निश्चित कानुनी प्रावधानहरू अवलम्वन गर्नुपर्ने भएपनि नियमसँगत प्रक्रियाबाट नगरिंदा र नीति नियम र सञ्चारकर्मीको क्षमता हेर्नुभन्दा पनि उसको पहुँच र नातावादलाई हेरेर

नियुक्ति दिने गर्नाले कतिपय अवस्थामा महिला भएकै कारण दुर्गम ठाउँमा गएर रिपोर्टिङ गर्न जान सक्दैनन् भनी नपठाउने र पछि यसैलाई कारण देखाई जागिरबाट अवकाश दिने गरिएको पाइन्छ । विशेषगरी विवाह गरेर स्थान परिवर्तन हुँदा, सुत्केरी हुँदा, परीक्षा हुँदा लामो बिदा लिन नपाइने, यदि लामो बिदाको माग राखेमा जागिरबाटै हात धुनुपर्ने जस्ता समस्याले महिला सञ्चारकर्मीलाई पत्रकारितामा निरन्तरता दिन नसक्ने अवस्था सिर्जना भएको पाइन्छ । यसको ज्वलन्त उदाहरण हो, कोभिड-१९ को प्रकोपमा पुरूष पत्रकार भन्दा महिला पत्रकारहरूले बढी जागिरबाट हात धुनु परेको वास्तविकता ।

लैङ्गिक दुर्व्यबहारको समस्या तथा यससम्बन्धी बलियो नीति नहुँदा महिला पत्रकारहरू सामाजिक तथा मानसिक तवरले पनि पीडित हुन्छन् । जसको प्रत्यक्ष असर महिला पत्रकारहरूको कार्यक्षेत्रमा देखा पर्दछ र काममा एकरूपता तथा क्षमताअनुसारको प्रतिभा प्रस्फुटनमा समस्या पर्ने देखिएको छ । एकातिर समाजले हेर्ने दृष्टिकोणमा पाइने भिन्नता, विभेद, लैंगिक नजरिया र आर्थिक पाटोमा धेरै समस्याहरू छन् । अर्कातिर पत्रकारिता जस्तो बौद्धिक व्यवसायलाई समेत आर्थिक आयातनका आधारमा मूल्यांकन गरिन्छ । समाचारमा उठाइएको विषयको गम्भीरतालाई बेवास्ता गरेर लाभ-हानीसँग तुलना गर्नुले विभेदको पराकाष्टा प्रदर्शन भइरहँदा पनि त्यसलाई थाहा पाएर पनि केही थाहै नपाए जस्तो गर्नुपर्ने अवस्था महिला पत्रकारहरूले आमरूपमा बोध गरेकै कुरा हो । एकातिर पहिलो प्राथमिकता तलबलाई दिएर मुकदर्शक हुनुपर्ने अवस्था छ भने अर्कातिर व्यवसायलाई फलाउने-फुलाउने वाध्यात्मक जिम्मेवारी पनि महिला पत्रकारहरूलाई छ । अर्को शब्दमा हाम्रो समाजमा पुरूषलाई जति सजिलो हुन्छ, पत्रकारिता व्यवसाय सञ्चालन गर्न त्यति सजिलो महिला पत्रकारहरूलाई हुँदैन वा छैन । यद्यपि पुरूष पत्रकारहरूले आर्थिक र सामाजिक चुनौतिहरूको सामना गर्नै पर्दैन भन्न खोजिएको पटक्कै होइन । उनीहरूले पनि अनेक प्रकारका चुनौतिहरूको सामना गर्नु नै पर्छ र गरिरहेको पनि छन् ।

पत्रकारिता गरेवापत सुरक्षा चुनौतिको सामना महिला र पुरूष दुबैले समान रूपले नै गर्नु परिरहेको छ । आर्थिक र व्यवस्थापकीय चुनौति करीब करीब महिला पुरूष दुबैका समान नै छन् जस्तो लागे पनि स्रोत जुटाउन र व्यवसाय सञ्चालन गर्न महिलाको तुलनामा पुरूष पत्रकारलाई धेरै सहजता छ । यो हाम्रो सामाजिक मूल्य र मान्यताको परिणाम हो । यस्ता तमाम चुनौतिहरूका बाबजुद पनि महिला पत्रकार साथीहरूको व्यवसायिक आवद्धता र यात्रा तारिफ गर्न योग्य छ ।

अन्त्यमा नेपाल पत्रकार महासंघको २६औं महाधिवेशनमा देखाएको सक्रियता र म लगायत महिला उम्मेदवारहरूलाई विजयी गराउन खेलेको भूमिका सराहनीय छ । यस प्रकारको सक्रियता आगामी दिनहरूमा अझ रचनात्मक र गुणात्मक रूपमा अगाडि बढ्दै जाओसु भनी सम्पूर्ण पत्रकार बन्धुहरूमा व्यवसायिक उन्नयनका लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

**(अधिकारी नेपाल पत्रकार महासंघको केन्द्रीय उपाध्यक्ष हुनुहुन्छ)**

## नेपाल प्रेस स्वतन्त्रता सूचकांकमा
## **दुई वर्षअघिकै अवस्थामा :**

# सरकार झन् निरकुंश



**रोसन पुरी**

हरेक वर्ष मे ३ तारेखमा विश्व प्रेस स्वतन्त्रता दिवस मनाउने गरिन्छ । संसारका झण्डै १ सयभन्दा धेरै देशमा कोठामा हुने छलफलदेखि साँस्कृतिक महोत्सव तथा प्रदर्शनसम्मका औपचारिक कार्यक्रम गरेर यो दिवस मनाउने चलन छ । संयुक्त राष्ट्रसंघको शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठन (युनेस्को)को सहयोगमा नेपालमा पनि यो वर्ष अभिव्यक्ति स्वतन्त्रतालाई बढावा दिनका लागि नेपाल पत्रकार महासंघको अगुवाईमा विश्व प्रेस स्वतन्त्रता दिवसको औपचारिक कार्यक्रम हुँदैछ ।

कोरोना भाइरसको महामारीका कारणले गर्दा गतवर्ष जस्तै यो वर्ष हामीले जुममार्फत औ पचारिक कार्यक्रम गर्दैछौँ । विश्व प्रेस स्वतन्त्रता दिवसको सुरूवात भने संयुक्त राष्ट्रसंघ महासभाबाट अन्तर्राष्ट्रियस्तरमा प्रेस स्वतन्त्रताको अवस्था प्रतिबिम्बित गर्ने उद्देश्यले गरि एको थियो । सन् १९७६ देखिको पहलमा सन् १९९३ मा राष्ट्रसंघबाट अनुमोदित भएको थियो । नेपालमा नेपाल पत्रकार महासंघको अगुवाईमा सुरूवातदेखि नै यो दिवश मनाउने गरिन्छ । यो प्रतिवेदनलाई सम्बन्धित देशको स्वतन्त्रता तथा लोकतान्त्रिक अवस्थाको मूल्याङ्कनको आधारको रूपमा चित्रण पनि गर्ने गरिएको छ । समुन्नत लोकतान्त्रिक अभ्यासले उक्त देशको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको चित्रण गर्ने गरेको छ ।

रिपोटर्स विथआउट बोर्डर्सले केहीदिन अघि सार्वजनिक गरेको सन् २०२१ को विश्व प्रेस स्वतन्त्रता सूचीमा नेपाल १ सय ६ स्थानमा छ । १ सय ८० देशको सूचीमा नेपालको अवस्था सन् २०१९ को अवस्थामै पुगेको छ । विश्व प्रेस स्वतन्त्रता सूचकांक हरेक वर्ष जारी गरिन्छ । बोर्डर्सले सन् २००२ देखि प्रेस स्वतन्त्रताको अवस्था सार्वजनिक गर्ने गरेको हो । १ सय ८० देशमा पत्रकारलाई दिइने स्वतन्त्रताका आधारमा यो सूची तयार गरिन्छ । सन् २०१७ मा ने पाल प्रेस स्वतन्त्रता सूचकांकको १००औँ स्थानमा रहेकामा वर्तमान सरकार गठन भएपछि विभिन्न तरिकाले प्रेसलाई नियन्त्रण गर्ने प्रयास गरेको देखिन्छ । त्यसैले सन् २०१८ र १९ मा प्रेस स्वतन्त्रताको सूचकांकमा नेपालको स्थान १ सय ६औंमा पुग्यो । सन् २०२०

मा बढेर १ सय १२ औँ स्थानमा पुगेको थियो ।

बहुलवादको मूल्याङ्कन, सञ्चारमाध्यमको स्वतन्त्रता, पत्रकारको सुरक्षा, अभिव्यक्ति स्वतन्त्रता र स्वतन्त्र प्रेसका लागि अपनाइएका नीति नियमका आधारमा यसको विवरण तयार हुने गरेको छ । दक्षिण एशियामा हेर्दा भुटान र माल्दिभ्स नेपालभन्दा धेरै अगाडि छन् । भारत, पाकिस्तान, श्रीलंका, अफगानिस्तानको अवस्था नेपालको भन्दा खराब छ । तर, नेपालले आफूलाई राम्रो अवस्थामा लैजान सकेको छैन । पछिल्लो समय प्रेस स्वतन्त्रताको अवस्था राम्रो बन्नुपर्नेमा सरकारकै कारण अवस्थामा सुधार हुनसकेको छैन । बोर्डर्स्ले आफ्नो प्रतिवेदनमा नेपालको अवस्था राम्रो भएर भन्दा पनि अन्य देशको अवस्थामा आएको खराबीले गर्दा गतवर्षको भन्दा सुधार भएर सन् २०१९ को अवस्थामा पुगेको जनाएको छ । अघिल्लो वर्ष अर्थात सन् २०२० मा नेपालको अवस्था १ सय १२औँ स्थानमा रहेको थियो ।

## नेपालमा प्रेस स्वतन्त्रताको अवस्था

नेपालमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अवस्था राम्रो हुनसकेको छैन । मे ४, २०२० देखि अप्रिल २७, २०२१ सम्म नेपाल पत्रकार महासंघमा प्रेस स्वतन्त्रता हनन्का ४५ घटनाहरू अभिलेख भएका छन् । ४५ वटा घटनामा सबैभन्दा धेरै २९ वटा घटना पत्रकारमाथि दुर्व्यवहार तथा धम्कीका रहेका छन् । त्यस्तै ९ वटा घटना पत्रकारमाथि भएको आक्रमणका रहेका छन् । ३ वटा घटना गिरफ्तारी र ३ वटै घटना कब्जा तथा अवरोधका रहेका छन् ।

त्यस्तै पेशागत असुरक्षाको १ घटना अभिलेख भएको छ । पछिल्लो समय दुई जना पत्रकारलाई सरकारले पक्रेर थुनेको छ । अन्यलाई त्रास दिइरहेको छ । नेपाल पत्रकार महासंघका नवनिर्वाचित सदस्य बासुदेव शर्मा बबिनले अहिले पनि नियमित कार्यालय पुगेर काम गर्ने वातावरण बन्न सकेको छैन । प्रहरीले शर्मासहितका अन्य पत्रकारलाई धरपकड गर्ने तयारी गरेको छ । समाचार लेखेकै कारणले गर्दा पत्रकारहरू राज्यबाटै असुरक्षित छन् । समाचार लेखेकै आधारमा सरकारले पक्राउ पत्रकारलाई राज्यविरूद्धको अपराधको आरोप लगाएको छ ।

नेपाल मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक विचाराधीन छ । सामाजिक सञ्जाल नियन्त्रण लगायतका विधेयक पनि विचराधीन अवस्थामा छन् । प्रस्तावित कानुनमा लाखौँ रूपैयाँसम्म पत्रकारलाई जरिवाना गर्ने र जेल हाल्नेसम्मका प्रावधान राखिएको छ । नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको छ । जनताको सुसूचित हुन पाउने अधिकारलाई नियन्त्रण गर्नेगरी ल्याइएका विधेयकहरू नेपालको संविधानको विरूद्धमा छन् । महासंघ लगायतका सरोकारवाला निकायसँग सामान्य छलफल पनि नगरेर ल्याइएका यस्ता कानुनले लोकतान्त्रिक व्यवस्थामा नसुहाउने कुरा हुन् ।

प्रेस स्वतन्त्रताप्रति सरकार थप अनुदार बन्दै गएको छ । संघीय सरकारलेमात्र होइन विभिन्न तहहरूका सरकारले पनि कानुन निर्माणको प्रक्रिया अगाडि बढाउँदा कतिपय ऐन तथा प्रस्तावित मस्यौदाहरूमा प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्ने संविधानका प्रावधान विपरीत हुने खालका प्रावधान छन् । त्यसैले नेपालको प्रेस तथा

अभिव्यक्ति स्वतन्त्रताका लागि आगामी दिन असहज बन्ने संकेत देखिएको छ ।

### पत्रकारलाई धम्कीदेखि जेलमा हाल्ने प्रयास

विश्व प्रेस स्वतन्त्रता दिवस मनाउने तयारी गरिरहँदा लेखेकै कारणले नेपालका दुईजना पत्रकार थुनामा छन् । साइबर अपराध, कीर्ते वा अन्य कुनै आरोपका नाममा प्रेस स्वतन्त्रतालाई नियन्त्रित गर्ने प्रयास भइरहेको छ । अर्धन्यायिक निकाय प्रेस काउन्सिल नेपालले किनारा लगाएको विषयमा र उच्च अदालतले समेत पत्रकारलाई पक्राउ नगर्नका लागि गरेको आदेशविरूद्ध राज्यशक्तिको प्रयोग गरेर पत्रकारलाई थुन्ने प्रयासले आगामी दिनको प्रेसमा संकटकालीन अवस्थालाई संकेत गरेको छ ।

विचार निर्देशित पत्रकार र पक्षधरताको पत्रकारितालाई सरकार प्रमुखबाटै बढवा दिँदै विपक्षमा आवाज राख्नेविरूद्ध विभिन्न प्रकारले दुःख दिने प्रयास गरिएको छ । पछिल्लो घटनाक्रममा पनि पत्रकारलाई धम्कीदेखि जेलमा लामो समय हाल्ने प्रयास गरेको प्रष्ट देख्न सकिन्छ । यो एउटा उदाहरणीय विषयमात्र हो । नेपाल पत्रकार महासंघको नयाँ नेतृत्वले यो संकेतको पूर्वानुमान गर्दै आफ्नो काम थालनी गरेको छ । महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी क्रियाकलापको विरोधमा जुनसुकै प्रकारको आन्दोलन गर्नेछ ।

प्रेस स्वतन्त्रताको कुरा गरिहँदा 'जे पायो त्यहीँ लेख्न पाउने' अधिकारको महासंघले वकालत गरेको छैन । नेपालमा प्रेस काउन्सिल नेपालले पत्रकारितासँग सम्बन्धित अर्थात कन्टेनमा समस्या भएको अवस्थामा कारबाही गर्ने गरेको छ । त्यसमा पनि चित्त नबुझेमा अदालत जाने बाटो पनि खुल्लैछ । तर, राज्यले नै कुनै एक पत्रकारले गलत लेखे भनेर अन्य पत्रकारको मुख थुन्ने प्रयास गरिरहेको छ । महासंघले यस्तो प्रवृत्तिको विरोध गर्छ, निश्चित कारबाहीको प्रक्रिया पूरा गरिसकेका पत्रकारलाई फेरि विभिन्न प्रकारका आरोप लगाएर राज्यले नै दुःख दिने कार्य प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता विरोधी हो । काउन्सिलले निरूपण गरेको विषयलाई लिएर सरकारले जुन प्रकारले पत्रकारमाथि धरपकड गरेको छ, त्यो लोकतान्त्रिक मूल्यमान्यताको विरूद्धमा छ । महासंघले यहीं विषयको वकालत गरेको हो र गरिरहनेछ ।

पछिल्लो घटनाक्रममा पत्रकारले आफूलाई गलत सूचना दिने व्यक्तिले भरपर्दो सूचना दिएनन् भनेर क्षमा याचना गरिसकेका छन् । यस्तो अवस्थामा पत्रकारलाई राज्यविरूद्धको अपराधको मुद्दा कसरी लगाइयो ? महासंघले सरकारलाई यस्तो प्रश्न गरिरहेको छ । अहिले पनि महासंघले विनाशर्त ती पत्रकारको रिहाई तथा काम गर्ने वातावरण निर्माणका लागि दबाब दिइरहेको छ । धेरै पत्रकारले नेपालको कूटनीतिक मर्यादाविपरीत रातको १२ बजे विदेशी गुप्तचर निकायका प्रमुखलाई प्रोटोकलविपरीत गरिएको भेटबाट राज्यविरूद्धको काम भयो कि पत्रकारले गल्ती स्वीकार गरिसकेको विषयले राष्ट्रघात भयो ? भनेर सोध्न थालेका छन् । महासंघले नेपाल सरकारलाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति गर्नका लागि विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा आग्रह गरेको छ । प्रेस स्वतन्त्रताविरोधी क्रियाकलाप जारी राख्दै गएमा र विचाराधीन कानुन प्रेस स्वतन्त्रतामैत्री नभएमा आन्दोलनको विकल्प छैन ।

**(पुरी नेपाल पत्रकार महासंघका केन्द्रीय महासचिव हुनुहुन्छ ।)**

# कोरोना कहरमा
# प्रेस स्वतन्त्रा र पेशागत सुरक्षाको सवाल



**कलेन्द्र सेजुवाल**

कोरोना महामारीको कारण कति पत्रकारको जागिर गुम्यो ? यो प्रश्नको अंकगणितीय जवाफ पाउन मुस्किल छ । तर नेपाल पत्रकार महासंघले २०७७ चैतदेखि सुरू भएको लकडाउनको कारण देशभर झण्डै ८ सय पत्रिका बन्द भएका विवरण संकलन गरेको थियो । संभवतः माथिको प्रश्नको अनुमानित जवाफ यस आँकडाबाट पाउन सकिन्छ ।

नेपालमा नयाँ 'भेरियन्ट' (संस्करण)सहित कोरोना महामारीको दोस्रो लहर फेरि सुरू भएको छ । लामो समयको लकडाउन र सुरूवाती चरणको संक्रमणबाट बल्लतल्ल माथि उठ्न थालेको नेपाली मिडिया उद्योग फेरि थला पर्ने संकेत देखिएको छ । यसको सबैभन्दा बढी मार पर्ने भनेकै पत्रकारमाथि हो । नेपालमा कोरोना भित्रिएको एक वर्ष अवधिमा कान्तिपुर, नागरिक, अन्नपूर्ण पोष्ट, नयाँ पत्रिकाजस्ता ठूला सञ्चारगृहले आफ्ना महत्वपूर्ण प्रकाशनहरू बन्द गरे । प्रकाशन बन्द हुँदा स्वाभाविकरूपमा त्यहाँ कार्यरत पत्रकारको रोजगारी पनि गुम्यो । प्रकाशनगृहमाथि कोरोना महामारीको प्रहार त्यतिमै सीमित रहेन, जेनतेन चलिरहेका प्रकाशन पनि निकै संकटमा परे । दैनिक न्यूनतम १६ पृष्ठ प्रकाशित हुने पत्रिका ८ पृष्ठमा झरे । विज्ञापन बजार प्रायः ठप्प भयो । यसबाट एकातिर सञ्चारगृह संकटमा परे भने अर्कोतिर पत्रकारहरू पेशागतरूपमा निकै असुरक्षित हुन पुगे । प्रकाशित भएको समाचारको आधारमा पारिश्रमिक लिने पत्रकार (स्ट्रिन्जर) थप मारमा परे । केही सञ्चारगृहले पत्रकारलाई बेतलबी बिदामा राखे भने केहीले खाइपाई आएको तलब कटौती गरे । पत्रकारलाई समयमै तलब नदिने नेपाली सञ्चारगृहको परम्परागत समस्यामाथि कोरोना महामारी बहाना बन्यो । पत्रकारिताको लागिसमेत सबैभन्दा प्रतिकूल वातावरण रहेको कर्णाली प्रदेशको दृष्टान्त यहाँ उल्लेख गर्न आवश्यक देखिन्छ । नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश समितिका अनुसार लकडाउन अवधिमा दैनिकरूपमा प्रकाशित भइरहेका २५ पत्रिकामध्ये २४ वटा बन्द भए । करिब एक सयजना पत्रकार

रोजगारीबाट प्रभावित भए । समग्र देशको पत्रकारिता कर्णालीको यो कहालीलाग्दो अवस्थाभन्दा फरक छैन । शहरी क्षेत्रमा डेरामा बसेर पत्रकारिताबाट आफ्नो र परिवारको जीवन धान्ने पत्रकारलाई परेको सकस अझ उदेकलाग्दो छ । कोरोनाको कारण पत्रकारको पेशागत जीवनमा परेको असरको तथ्यपरक अध्ययन हुनु अहिलेको आवश्यकता हो ।

## प्रेस स्वतन्त्रतामा असर

पत्रकारमाथि भौतिकरूपमा आक्रमण वा अवरोध हुनुमात्र प्रेस स्वतन्त्रता हनन् होइन । कुनै पनि कारणले पत्रकारले निर्भयका साथ समाचार-कर्म गर्ने अवस्थामा बाधा हुनु प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप हो । कोरोनाको कारण गरिएको लकडाउनको कारण एकातिर पत्रकारले स्वतन्त्रपूर्वक समाचार संकलन गर्न पाएनन् भने अर्कोतिर आफू कार्यरत सञ्चारगृहमा बसेर काम गर्ने अवसर पनि गुमाए । जागिर खोसिने डर-त्रासले पत्रकारले सम्पादकीय स्वतन्त्रता दाउँमा राख्न बाध्य भए । नेपालमा सामान्य समयमा गरिने पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति हुने पत्रकारिता अभ्यास संकुचित भयो । मालिकको रूचीविपरीतका सामग्री प्रकाशित भएमा कोरोनाको बहानामा जागिर खोसिने डरले मनोवैज्ञानिक त्रास दिइरह्यो । यसले पत्रकारमाथि 'सेल्फ सेन्सरशीप' को अवस्था सिर्जना गऱ्यो । प्रेस स्वतन्त्रतामाथिको यस्तोखाले 'सफ्ट' हस्तक्षेप अहिले पनि जारी छ । यसतर्फ संवेदनशील हुनुपर्ने बेला आएको छ ।

उसो त पत्रकारले लकडाउनको बेला सुरक्षाकर्मीबाट संकटकालको झल्को दिने गरी हस्तक्षेप पनि सामना गर्नुपऱ्यो । गृहमन्त्रालयले विशेषगरी मोफसलका पत्रकारको समस्यालाई ख्याल गर्दै सम्बन्धित सञ्चारमाध्यमको परिचयपत्रको आधारमा आवतजावत गर्ने प्रबन्ध मिलायो । स्थानीयस्तरमा भने सूचना विभागको परिचयपत्र नहुने पत्रकारलाई रिपोर्टिङको लागि हुने आवतजावतमा अवरोध गर्नेदेखि कुटपिट गर्नेसम्मका व्यवहार भए । नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश समितिका अनुसार लकडाउनको बेला कर्णालीमा ८ वटा प्रेस स्वतन्त्रता हनन्का घटना भए । कोरोनाको यस्तो भयावह अवस्थामा यो निकै दुःखद हो ।

अर्कोतर्फ कोरोना र त्यसबाट सिर्जित लकडाउनले पत्रकारलाई फिल्डमा गएर खोजमूलक स्टोरी गर्ने वातावरणमा बाधा पुऱ्यायो । कोरोना प्रतिकार्यको नाममा विशेषगरी सरकारी निकायमा चरम आर्थिक अनियमितता भयो । तर त्यसबारे स्थलगत रिपोर्टिङ गर्ने चुनौती चिर्नु पत्रकारको लागि निकै कठिन बन्यो । कोरोना कहर आर्थिक अनियमितता गर्ने र लुकाउने राम्रो बहाना बनिदियो । वास्तवमा एक असल पत्रकारको लागि अनियमिततासम्बन्धी सूचना पाएर पनि त्यसलाई बाहिर ल्याउन नसक्ने अवस्था सिर्जना हुनुभन्दा ठूलो प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप के

हुन सक्छ र ? हुन त यस्तोखाले बाध्यात्मक हस्तक्षेपको शिकार नेपाली प्रेसमात्र नभई, समग्र विश्व प्रेस नै भएको छ । प्रेस स्वतन्त्रताका विभिन्न आयाममाथि चर्चा गरिरहँदा कोरोना महामारीबाट सिर्जित यो अवस्थालाई अलग राख्न मिल्दैन ।

## विकल्पको खोजी

कोरोनाले समस्यामात्र सिर्जना गरेन, नेपाली पत्रकारितामा दीर्घकालीन हितका केही विकल्प पनि दिएको छ । थुप्रै पत्रकार आफू कार्यरत सञ्चारमाध्यमबाट बेरोजगार बन्दा तिनीहरूले आफ्नै स्वामित्वमा अनलाइन सञ्चारमाध्यम चलाएका छन् । ती अनलाइनलाई व्यवस्थित तवरले व्यवसायिकरूपमा सञ्चालन गर्न सकिएमा कोरोनाकालमा खुलेका अनलाइनहरू भविष्यमा नेपाली समाजको लागि सूचनाको भरपर्दो सारथि बन्न सक्छन् । यसले एकातिर पत्रकारलाई स्वरोजगार बनाएको छ भने अर्कोतर्फ स्थानीयस्तरमा प्रभावकारी सूचना प्रदायकको भूमिका पनि निर्वाह गरिरहेको छ ।

विशेषगरी काठमाडौंबाट सञ्चालित राष्ट्रिय सञ्चारमाध्यममा कार्यरत पत्रकारहरू पछिल्लो समय आफै अनलाइन सञ्चालक बन्ने क्रम बढेको देखिन्छ । उनीहरूको लागि पत्रकारिताको आफ्नो लामो अनुभवलाई सदुपयोग गर्ने अवसर पनि हो । राष्ट्रियस्तरका ठूला सञ्चारगृहले संकटको बेला रित्तो हात घर फर्काइरहेका बेला पत्रकारलाई आत्मनिर्भर बन्नुपर्छ भन्ने महत्वपूर्ण पाठ पनि सिकाएको छ । केही वर्ष अघिसम्म राष्ट्रिय मिडियामा काम गर्ने पत्रकारहरू आर्थिक दृष्टिले समेत सम्पन्न हुन्छन् भन्ने मान्यता स्थापित थियो । कोरोना महामारीले उक्त मान्यतामाथि चुनौती दिएको छ । मिहिनेत, संघर्ष र उत्कृष्ट व्यवसायिक कर्म गरेको खण्डमा मोफसलमै बसेर आर्थिक र सामाजिक रूपमा सम्मानित हैसियत बनाउन सकिन्छ भन्ने स्वर्णीम अवसर कोरोनाले दिएको छ । यसलाई नेपाली पत्रकारिता क्षेत्रले गहनरूपमा ग्रहण गरेर नयाँ यात्रा तय गर्नुपर्ने बेला आएको छ ।

## अब के गर्ने ?

कोरोना कहरको प्रभाव पत्रकारको पेशागत जीवनमा मात्र होइन, समग्र प्रेस स्वतन्त्रतामै परेको निर्विवाद छ । अन्ततः यसले नेपाली पत्रकारिता क्षेत्रलाई दीर्घकालसम्म अँध्यारो सुरूङमा पसाल्ने कुरालाई पनि नजरअन्दाज गर्न मिल्दैन । नेपाल पत्रकार महासंघकै आँकडालाई आधार मान्ने हो भने करिब १३ हजार पत्रकार नेपालको मिडिया उद्योगमा आश्रित छन् । उनीहरूमार्फत थप कम्तीमा ४० हजार व्यक्ति जीविकोपार्जनको हिसाबले पत्रकारितासँग

जोडिएका छन् । यो निकै ठूलो जनसंख्या हो । यसलाई समेत ख्याल गरेर कोरोना कहरबाट परेको प्रभावबारे बहस गरिनु पर्दछ ।

कोरोना कहरको कारण सिर्जित प्रतिकूलताको प्रभाव र दीर्घकालीन असर अध्ययन गर्नु अहिलेको प्रमुख काम हो । अनुमानको भरमा गरिने प्रभाव मूल्यांकनको आधारमा सही योजना बनाई त्यसलाई कार्यान्वयन गर्न सकिँदैन । नेपाल सरकार, नेपाल पत्रकार महासंघ, सम्बन्धित सञ्चारगृह र सञ्चारसम्बद्ध अन्य निकायले गहनरूपमा प्रभाव अध्ययन गरेर त्यसबाट परेको त्यसलाई न्यूनीकरणको लागि विस्तृत कार्ययोजना बनाउनु पर्दछ । समस्यालाई समाधान गर्न तत्कालिक र दीर्घकालीन योजना बनाउन सकिन्छ । कसरी कार्यान्वयन गर्ने भन्नेबारे प्रभावकारी रणनीतिक योजना यसको महत्वपूर्ण पाटो बन्न सक्दछ । नेपाली पत्रकारिता क्षेत्रका सरोकारवालाले यसबारे समयमै सोचेर ठोसरूपमा काम अगाडि बढाउनु पर्दछ ।

**(सेजुवाल नेपाल पत्रकार महासंघका केन्द्रीय कोषाध्यक्ष हुनुहुन्छ ।)**

### सञ्चारमाध्यममा कोभिड-१९ को प्रभावबारे
# महासंघको मिडिया मिसन



प्रस्तुति : **संघर्ष पन्त**

## १. पृष्ठभूमि

कोभिड-१९ भाइरसले विश्वमा नै असर पारिरहेको छ । सन् २०२० को सुरूवातमा नै आफ्नो प्रभाव देखाउन थालेको यो भाइरसको महामारी अहिले विश्वभरि नै फैलिएको छ । यो महामारीको प्रकोप कम गर्न विभिन्न देशमा लकडाउन र निशेषाज्ञा जस्ता नियमहरू लागु भए, जसले गर्दा विभिन्न क्षेत्रहरू मारमा परे । एक त भाइरसको त्रास अनि त्यसमाथि लकडाउनले नेपालमा पनि आर्थिक, सामाजिक, धार्मिक लगायत धेरै गतिविधिहरू ठप्प भए । अनि नेपालको पत्रकारिता पनि यसको चपेटमा पऱ्यो । सूचनाको पहरेदार भएकोले जस्तोसुकै स्थितिमा ज्यान जोखिममै राखेर पनि पत्रकारहरूले आम नागरिकको आवाज बोलिरहे र बोलिरहेका छन् । तर, यसो गरिरहँदा स्वास्थ्यसँगै आर्थिक स्थिति पनि जोखिममै रह्यो ।

लकडाउनको कारण व्यापार व्यवसाय ठप्प भएपछि सञ्चारमाध्यलाई दिइने विज्ञापनको मात्रा र पैसा, दुबै कम वा भनौँ ठप्प नै भयो । जसका कारण कतिपय छापामाध्यमको प्रकाशन नै बन्द भयो भने कतिले प्रकाशन पृष्ठसंख्या कम गरे, प्रसारण माध्यम पनि या त बन्द भए या त प्रसारण समय घटाएर प्रसारण गर्न थाले । यतिसम्म त ठिकै थियो तर बिस्तारै सञ्चारमाध्यम नै बन्द गर्ने, पत्रकारलाई बेतलबी बिदामा पठाउने, जागिरबाट निकाल्ने, घरबाट काम गर्दा तलब काटिदिने, तलब पनि पूरा र समयमा नदिने खालका तरिकाहरू सञ्चार माध्यम र तिनका लगानीकर्ताले अपनाउन थालेका थिए । जसको प्रत्यक्ष मारमा श्रमजीवी पत्रकारहरू परेका थिए । त्यसैले प्रदेश २ र गण्डकी प्रदेशमा लकडाउन र निषेधाज्ञाको बीचमै यो विषय अध्ययन गर्न मिडिया मिसन सञ्चालन भयो ।

कोभिड-१९ को असर केही कम भएपछि अर्थात करिब ६ महिनापछि जनजीवन

पहिले जस्तै हुन थाल्यो । त्यसपछि कर्णाली र सुदूरपश्चिम प्रदेशमा दुईवटा मिसन सञ्चालन भए जसले कोरोना कहरपछि सञ्चारमाध्यम र पत्रकारले कसरी अवस्था अनुकूल भएर पहिले जस्तै सञ्चालन हुन प्रयास गरिरहेका छन् भन्ने बारेमा अध्ययन र छलफल गरेको थियो ।

## २. मिसनको आवश्यकता र औचित्य

कोराना महामारीको बेलामा होस वा त्योभन्दा अगाडि नै किन नहोस्, पत्रकारिता क्षेत्र र यसमा आबद्ध पत्रकारहरू सधै आम नागरिकको अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकको लागि सधै अग्रपंक्तिमा रहेर काम गरिरहे । लकडाउनकै बेलामा पनि शिक्षक, दैनिक ज्यालादारी श्रमिक, होटल व्यवसाय लगायत अन्य व्यवसायका धेरै श्रमिकले तलब नपाएको कुरा लेखेका पत्रकार आफैले तलब पाउन छाडेको र सूचना संकलन र सम्प्रेषणमा पनि सुरक्षित नभएका खबर प्रत्यक्ष अप्रत्यक्षरूपमा सुनिनु यो क्षेत्रको लागि राम्रो विषय हैन ।

धेरै वर्षदेखि देशैभर राम्रो प्रभाव पारेका ठूला सञ्चारमाध्यमहरूमा नै यस्तो समस्याहरू देखिन थाले । जुन श्रमजीवी पत्रकारको हक, अधिकार हनन हो र पत्रकारिताको व्यवसायिक मूल्यमान्यताको विरूद्ध हो । त्यसैले नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यलयमा काठमाडौँ उपत्यकाका विभिन्न सञ्चारमाध्यममा कार्यरत श्रमजीवी पत्रकारहरूले दिएको उजुरीको आधारमा महासंघले श्रम विभाग, बबरमहल अगाडि असार १९ गते प्रदर्शन पनि गऱ्यो । तर यसमा साना र मोफसलमा रहेका सञ्चारमाध्यमका समस्याहरूको बारेमा खासै धेरै चर्चा भएको थिएन र छैन पनि । ठूला भनिएका र आफूलाई स्थापित गरिसकेका सञ्चार माध्यममा नै यस्तो समस्याहरू छन् भने स्थानीयस्तरमा सञ्चारमाध्यम र तिनमा कार्यरत पत्रकारहरूको अवस्था बुझ्न र पत्रकारको सुरक्षा, हक र अधिकार सुनिश्चित गर्न के के गर्न सकिन्छ भनेर अध्ययन गर्न नेपाल पत्रकार महासंघले प्रदेश २, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशमा मिडिया मिसन पठाउने निर्णय गऱ्यो ।

लकडाउन केही खुकुलो हुदाँ मिसन जाने निर्णय भएपनि विभिन्न जिल्लामा निषेधाज्ञा लागु हन थालेपछि प्रदेश २ र गण्डकी प्रदेशमा मात्र मिसन सञ्चालन भयो । र, कर्णाली र सुदूरपश्चिम प्रदेशमा भने मंसिर महिनामा मिसन सञ्चालन भयो जसले कोभिडको असरपछि सञ्चारमाध्यम र पत्रकारको स्थिति के छ र कसरी सञ्चालन भइरहेका छन् भनेर अध्ययन गरेको थियो ।

## ३. मिसनको संरचना, अवधि र प्रक्रिया

नेपाल पत्रकार महासंघले प्रदेश २, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशमा मिडिया मिसन पठाउने निर्णय गरेको थियो । तर सम्पूर्ण

तयारीका बावजुद निषेधाज्ञाको कारणले साउन महिनामा प्रदेश २ र गण्डकी प्रदेशमा मात्र मिसन सञ्चालन भयो भने कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा मंसिर महिनामा मिसन सञ्चालन भयो । गण्डकी प्रदेशबाट प्रदेश २ मा मिसन सञ्चालन गर्न जाने क्रममा महासंघका अध्यक्ष र महासचिवले बागमती र प्रदेश नं १ मा पनि मिसनका केही कार्यक्रम सञ्चालन गरेका थिए । नेपाल पत्रकार महासंघले युरोपियन युनियनको आर्थिक सहयोग र इन्टरनेशनल अलर्टको सहकार्यमा सञ्चालन गरिरहेका परियोजनाअन्तर्गत यी मिसन सञ्चालन भएका थिए ।

प्रदेश नम्बर २ र गण्डकी प्रदेशमा भएका दुईवटै मिसनमा नेपाल पत्रकार महासंघको केन्द्रबाट अध्यक्ष गोविन्द आचार्य र महासचिव रमेश विष्ट जानुभएको थियो भने स्थानीयस्तरमा सम्बन्धित प्रदेशको नेपाल बार एसोशियसन, नेपाल मानवअधिकार आयोगबाट एक जना प्रतिनिधि र सम्बन्धित प्रदेशकै स्वतन्त्र महिला पत्रकार वा महिला अधिकारकर्मी सहभागी हुनुभएको थियो ।

गण्डकी प्रदेशबाट सुरू भएको मिसनले २०७७ साल साउन १७ देखि १९ गतेसम्म अर्थात सन् २०२० अगष्ट १ देखि अगष्ट ३ तारिखसम्म गण्डकी प्रदेशको राजधानी कास्कीका पत्रकार, सम्पादक र प्रकाशक/मिडिया सञ्चालकसँग छलफल गर्‍यो । यस्तै गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री, स्थानीय तहका जनप्रतिनिधि, अधिकारकर्मी लगायत पत्रकारिता क्षेत्रका अन्य सरोकारवाला पक्षसँग पनि छलफल गर्‍यो । मिसनको बेला भएको भेटघाट र छलफमा अभिव्यक्ति स्वतन्त्रता, मिडिया व्यवसायिकता र सुरक्षालाई बढावा दिन प्रमाणसहितको नीतिगत छलफल भयो र यसको लागि मिसन टोलीले वकालत पनि गर्‍यो । साथै मिडियालाई कारोना र अन्य बेला प्रदेश र स्थानीय सर कार सहित अन्य सरोकारवाला निकायले पनि गरेको सहयोग र मिडियासम्बन्धी बनेको वा बनाउने क्रममा रहेको नीति र कानुनको विषयमा छलफल र वकालत गर्ने काम भयो । योसँगै कोभिड- १९ र त्यसको कारण भएको लकडाउनले पत्रकारहरू आर्थिक, सामाजिक र स्वास्थ्यको हिसाबले कत्तिको सुरक्षित छन् भनेर पनि छलफल र अनुभवहरू संकलन भयो । यो मिसन टोलीमा महासंघका केन्द्रीय अध्यक्ष र महासचिवसहित कास्की जिल्ला बार एसोसिएसनका अध्यक्ष मुक्तिनाथ सापकोटा, नेपाल मानवअधिकार आयोगका कार्यक्रम अधिकृत टंक खनाल र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) गण्डकी प्रदेश कार्यालयकी कार्यक्रम अधिकृत सबनम शर्मा पनि सहभागी हुनुहुन्थ्यो । गण्डकी प्रदेशको मिसनको लागि संयोजक तोकिनुभएका नेपाल पत्रकार महासंघ, गण्डकी प्रदेशका अध्यक्ष त्रिभुवन पौडेल पनि मिसनमा सहभागी हुनुहुन्थ्यो । मिसन टोलीलाई नेपाल पत्रकार महासंघ कास्की शाखाले पनि सहयोग गरेको थियो ।

महासंघका केन्द्रीय अध्यक्ष र महासचिवले मकवानपुरमा पनि पत्रकारहरूसँग

कोरोनाले पारेको प्रभावको बारेमा साउन २० (अगष्ट ४) गते छलफल गर्नुभएको थियो । मकवानपुरका स्थानीय सम्पादक र प्रकाशकहरूसँग लैङ्गिक समानता र सामाजिक समावेशितासम्बन्धी मिडियाका मुद्दाहरू र नीतिहरू, मिडियालाई कोरोनाले पारेको असर र प्रेस स्वतन्त्रता र सुरक्षाको बारेमा छलफल भएको थियो ।

प्रदेश २ मा भने २०७७ साउन २१ र २२ गते अर्थात सन् २०२० अगष्ट ५ र ६ तारिखमा मिडिया मिसन सञ्चालन भएको थियो । मिसन टोलीमा महासंघका केन्द्रीय अध्यक्ष र महासचिवसहित राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय जनकपुरका निर्देशक वीरबहादुर मगर, नेपाल बार एशोसिएसन जनकपुरका अध्यक्ष राम नेक साह र नेपाल पत्रकार महासंघ जनकपुर शाखाका अध्यक्ष अनिल मिश्र सहभागी हुनुहुन्थ्यो । मिसन टोलीको अर्को सदस्य महिला अधिकारकर्मी उर्मिला यादव केही दिनअघि मात्र कोरोना संक्रमण बढेको क्षेत्रमा जानुभएको कारणले मिसनमा सहभागी गराउँदा सुरक्षित नहुने आशंका भएपछि उहाँ भने अन्तिम समयमा मिसनमा सहभागी हुनुभएन । मिसन टोलीले प्रदेश नम्बर दुईको राजधानी जनकपुरमा स्थलगत भ्रमण गरी सरोकारवाला पक्षसँग छलफल गरेको थियो । कोरोनाको जोखिमबीच अग्रपंक्तिमा रहेर काम गर्ने पत्रकारको कोरोना कहरमा भूमिका तथा अवस्थाको विषयमा पत्रकार, सम्पादक र विभिन्न सरोकारवाला पक्षसँग छलफल गरेको टोलीले प्रदेश २ सरकारले बनाएको मिडिया सम्बन्धी कानून र नीतिबारे छलफल र परामर्श सञ्चालन गरेको थियो ।

प्रदेश २ पछि साउन २३ र २४ गते (अगष्ट ६ र ७) केन्द्रीय अध्यक्ष र महासचिवले प्रदेश १ को सुनसरी जिल्लामा पनि पत्रकार, सम्पादक र विभिन्न सरोकारवालाहरूसँग कोरोनाले मिडिया र पत्रकारमा पारेको प्रभावबारे भेटघाट र छलफल गर्नुभएको थियो । प्रदेश १ को राजधानी विराटनगरमा निषेधाज्ञा लागू भएकोले टोली सुनसरी जिल्ला पुगेको थियो ।

यस्तै, मंसिरमा सञ्चालन भएको सुदूरपश्चिम र कर्णाली प्रदेशको मिसनमा भने महासंघबाट उपाध्यक्ष विपुल पोखरेल, सचिव रामप्रसाद दाहाल र कोषाध्यक्ष राजेश मिश्र सहभागी हुनुहुन्थ्यो । विपुल पोखरेलले दुबै मिसनको नेतृत्व स्वयंसेवीरूपमा गर्नुभएको थियो ।

२०७७, मंसिर १९ देखि २१ अर्थात सन् २०२० डिसेम्बर ४ देखि ६ तारिखमा सुदूरपश्चिम प्रदेशमा सञ्चालन भएको मिसनमा वातावरण संरक्षण तथा विकासशील समाज (ECODS-Nepal) की सदस्य चाँदनी आचार्य, मानवअधिकार तथा शान्ति अभियान (HURPEC), डोटीका संयोजक रामहरि ओझा र नेपाल बार एशोसिएनका पुष्पविक्रम शाही सदस्य हुनुहुन्थ्यो । मिसनको समयमा टोलीले धनगढी, डडेलधुरा र दार्चुलाका स्थानीय पत्रकार, सम्पादक, प्रकाशक र

पत्रकारिता क्षेत्रका विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूसँग छलफल गऱ्यो । मिसनकै समयमा मंसिर १९ मा धनगढीमा प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री झपटबहादुर बोहरा, सांसद, अधिकारकर्मी, पत्रकारसहित सरोकारवालाहरूसँग अभिव्यक्ति स्वतन्त्रता, मिडिया व्यवसायिकता र सुरक्षालाई बढावा दिन प्रमाणसहितको नीतिगत छलफल र वकालत कार्यक्रम पनि सञ्चालन भयो । यो कार्यक्रममा सुदूरपश्चिम प्रदेशको रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ मा पनि छलफल गरी महासंघले यो विधेयकको बारेमा गरेको विश्लेषणको आधारमा सल्लाह, सुझाव पनि दिइएको थियो ।

यो प्रदेशको मिसनको संयोजन नेपाल पत्रकार महासंघ, सुदुरपश्चिम प्रदेशका संयोजक मिन बमले गर्नुभएको थियो । मिसन टोलीका विभिन्न कार्यक्रमलाई महासंघ कैलाली शाखाले पनि सहयोग गरेको थियो ।

कर्णाली प्रदेशमा २०७७ मंसिर २२ देखि २४ सम्म अर्थात सन् २०२० डिसेम्बर ७ देखि ९ तारिखसम्म मिसन सञ्चालन भएको थियो । नेपाल पत्रकार महासंघ, कर्णाली प्रदेशका संयोजक कलेन्द्र सेजुवालले संयोजन गर्नुभएको मिसनमा उच्च अदालत बार एशोसिएसनबाट दुर्गाप्रसाद सापकोटा, गैरसरकारी संस्था महासंघ नेपाल, सुर्खेतका अध्यक्ष घनश्याम के.सी र सुरक्षित समाजकी सदस्य कौशिला चन्द सहभागी हुनुहुन्थ्यो । मिसन टोलीले कर्णाली प्रदेशको राजधानी सुर्खेत र जाजरकोटका पत्रकार, सम्पादक, प्रकाशक र पत्रकारिताका विभिन्न सरोकारवाला निकायका प्रतिनिधिसँग भेटघाट र छलफल गऱ्यो । विभिन्न गतिविधिहरू सँगसँगै कर्णाली प्रदेशमा पनि मंसिर २३ गते प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री नरेश भण्डारी, सांसद, अधिकारकर्मी, पत्रकारसहित सरोकारवालाहरूसँग अभिव्यक्ति स्वतन्त्रता, मिडिया व्यवसायिकता र सुरक्षालाई बढावा दिन नीतिगत छलफल र वकालत कार्यक्रम गरेको थियो । यसै कार्यक्रममा नेपाल पत्रकार महासंघ केन्द्रले कर्णाली प्रदेश प्रसारण ऐन, २०७५ को बारेमा गरेको विश्लेषणको आधारमा छलफल र सल्लाह, सुझाव पनि दिइएको थियो ।

मिसन टोलीका विभिन्न कार्यक्रमलाई महासंघ सुर्खेत शाखाले पनि सहयोग गरेको थियो ।

## ४. मिसनले अवलोकन गर्दा फेला परेका तथ्यहरू

५ सदस्यीय मिडिया मिसन टोलीले गण्डकी प्रदेश र प्रदेश २ मा र ६ सदस्यीय मिडिया मिसन टोलीले कर्णाली र सुदूरपश्चिम प्रदेशमा विस्तृतरूपमा स्थलगत अध्ययन तथा छलफल गरेको थियो । योसँगै केन्द्रीय अध्यक्ष र महासचिवले बागमती प्रदेश र प्रदेश १ मा मिसनको बेलामा छोटो भेटघाट गरी कोरोनाले त्यहाँको पत्रकारिता क्षेत्रमा पारेको प्रभावको बारेमा अध्ययन गर्नुभएको थियो ।

भेटघाट र छलफलका क्रममा फेला पारेका प्रारम्भिक तथ्य प्रदेशअनुसार देहाय बमोजिम छन् :

## १) प्रदेश नं. १

प्रदेश नं १ का पत्रकारहरूसँग मिसनका क्रममा भएको छलफलवाट प्राप्त विवरण अनुसार प्रदेश एकमा रहेका १३२ रेडियोमध्ये १०६ वटा रेडियो लकडाउन अवधिमा सञ्चालनमा रहे । लकडाउन अघिसम्म ३० वटा दैनिक पत्रिका सञ्चालनमा रहेकोमा लकडाउन अवधिमा आलोपालो गरी ७ (सात) वटा दैनिक पत्रिका सञ्चालनमा रहे । साप्ताहिक पत्रिका त सबैजसो बन्द रहे । टेलिभिजन र रेडियोमा समय कटौती भयो ।

श्रमजीवी पत्रकारहरूले पनि तलव नपाएको पाइयो । तलब नदिएको भनेर लिखित रूपमा महासंघमा नबुझाएको भएपनि छलफलमा भने मौखिकरूपमा बेरोजगार भएको र हुने डर धेरै पत्रकारहरूमा रहेको पाइयो ।

नेपाल पत्रकार महासंघको पहलमा प्रदेश सरकारको तर्फबाट यो समयमा मिडियाका लागि ५० लाख सहयोग प्राप्त भएको थियो । यसबाट प्रदेशका एफएम रेडियोहरूलाई २० देखि ३० हजारका दरले र टेलिभिजन स्टेशनहरूका हकमा १ लाख, अनलाइनका हकमा १० देखि २० हजार र पत्रिकाहरूका हकमा दैनिकलाई ३० हजार र साप्ताहिक पत्रिकाहरूलाई १५ हजारका दरले महासंघकै नेतृत्वमा समानुपातिक वितरण गर्ने कार्य भएको पाइयो । लकडाउनका समयमा पत्रकारहरूलाई स्यानिटाइजर र मास्क वितरण कार्य पनि भएको पाइयो ।

महासंघको पहलमा यस प्रदेशका ८०० जना पत्रकारहरूको जनही १ लाखको कोरोना वीमा भएको पाइयो । त्यस्तै उदयपुरका एक जना पत्रकार संक्रमित भई निको भइसक्नु भएको र विराटनगरका ३ जना पत्रकार संक्रमित हुनुहुन्थ्यो ।

लकडाउनको अवधिमा समाचार संकलनमा केही कठिनाई भएको र सूचनामा पहुँचको समस्या भएको पनि पाइएको थियो । यो समयमा सुनसरीमा प्रेस स्वतन्त्रता उल्लंघनको १ वटा घटना भएको पाइयो ।

## २) प्रदेश नं. २

लकडाउनको बेला अखबारहरु सबैजसो बन्द रहे । पत्रिका प्रकाशन गर्नका लागि प्रेस खुलेन र कामदार कर्मचारी आउने अवस्था रहेन । पत्रिका पसलहरू बन्द रहे । रेडियो, टेलिभिजन र अनलाइन सञ्चालनमा रहे । पत्रकारहरूलाई समाचार संकलनका लागि असहज अवस्था रह्यो । महासंघको पहलपछि समस्या समाधान गरियो । वीरगञ्ज र जनकपुरमा ७ जना पत्रकार संक्रमित भए पनि ४ जना

उपचारपछि सक्रमणमुक्त भइसक्नु भएको थियो भने ३ जना उपचाररत हुनुहुन्थ्यो ।

वीरगञ्ज, राजविराजसहितका शहरमा अत्याधिक प्रभाव देखियो । निषेधाज्ञा समेत लागू भयो । प्रदेश/स्थानीय सरकारका तर्फबाट सञ्चारकर्मी र सञ्चार क्षेत्रका समस्या सम्बोधन गर्न खासै पहल भएको देखिएन । आन्तरिक मन्त्रालयले केही मिडियालाई छानेर रकम बाँड्ने काम गरेको पत्रकारको भनाई थियो । तर यो समयमा सहयोग गर्ने भनेर नै प्रदेश सरकारले ल्याएको योजना वा आर्थिक सहयोग भने केही नरहेको पाइयो ।

सञ्चारकर्मीमा कोभिड संक्रमण पुष्टि भएपश्चात् मृत्यु भएको खण्डमा ५० लाख दिने घोषणा भएको थियो । पर्सा र वाराका केही पत्रकारहरु संक्रमित पनि भएर निको भइसकेका थिए ।

विभिन्न सञ्चारमाध्यममा स्टाफ कटौती भयो भने प्रसारण संस्थामा समयको र छापामा प्रकाशन पनि कटौती भयो ।

श्रमजीवी पत्रकारबाट तलव नपाएको भनी महासंघमा कुनै गुनासो आएको थिएन तर मिडियाले नेगोसियसन गरी तलव दिने गरेको पत्रकारले भेटको क्रममा भनेका थिए ।

## ३) बागमती प्रदेश

बागमती प्रदेशको मिसन योजनामा नरहे पनि गण्डकी प्रदेशबाट प्रदेश २ यात्रा गर्ने क्रममा मिसन टोली बागमती प्रदेशको राजधानी मकवानपुर पनि पुगेको थियो । मिसन टोलीले त्यहाँको प्रदेश र जिल्लाको पत्रकार महासंघ र केही पत्रकारहरूसँग छलफल गर्दा यस प्रदेशका पत्रिकाहरु कोभिडको कारण बन्द भएको पाइयो । घरघरमा पत्रिका पुग्न सकेनन् । दैनिकसहित कुनै पनि पत्रिका प्रकाशन भएनन् । कोभिडको विषम परिस्थितिले समग्र आमसञ्चार माध्यमले आर्थिक संकटको सामना गर्नुपऱ्यो ।

यो समयमा रेडियोले विज्ञापन पाएनन् र आर्थिक र स्वास्थ्यको कारणले थोरै जनशक्ति परिचालन भए । रेडियोकर्मीले धेरै कठिनाईहरु भोग्नु पऱ्यो । निकै असजिलो भएतापनि सञ्चारकर्मीहरु आफ्नो कर्तव्यमा लागिरहे ।

टेलिभिजनतर्फ पनि आर्थिक अवस्थाका दृष्टिले विज्ञापनको अभाव र कमीले गर्दा कठिनाईपूर्वक सञ्चालनमा रहे । कमजोर आर्थिक अवस्थाका बावजुद येनकेन प्रकारेण सञ्चालनमा रहे ।

अनलाइनहरूलाई समाचार स्रोतहरूको कमी रह्यो । लकडाउन अवधिमा कार्यालयहरु नखुल्दा समाचारमा समेत कमी हुन गयो भने विज्ञापनमा निकै मन्दी छायो । विज्ञापनहरु बन्द हुँदा आर्थिक क्षति व्यहोर्नु पर्‍यो ।

प्रदेश सरकारको तर्फबाट पत्रकारहरूको कोरोना वीमा गरिएको थियो । १ हजार सञ्चारकर्मीको कोभिड वीमा गर्ने कार्य नेपाल पत्रकार महासंघको पहलमा प्रदेश सरकारबाट भयो । प्रदेश सरकार र नेपाल पत्रकार महासंघको तर्फबाट स्यानिटाइजर, मास्क उपलब्ध गराउने कार्य भयो र प्रदेशमा कार्यरत पत्रकारहरूलाई उक्त अवधिमा स्वास्थ्य सामग्रीहरु उपलब्ध गराउँदा केही राहत भएको थियो ।

श्रमजीवी पत्रकारको अवस्था यो प्रदेशमा पनि नाजुक नै रह्यो । कोभिडकै प्रकोपले आम जनमानसमा त्रासदी भयो भने विभिन्न सञ्चारमाध्यममा कार्यरत सञ्चारकर्मीहरूको सुविधा कटौती हुन पुग्यो । स्थानीय तहदेखि केन्द्रसम्मका पत्रकारहरूले तोकिएको पारिश्रमिक पाउन सकेनन् । पत्रकारहरूलाई कोरोनाको चुनौतीसँगै आर्थिक संकटको सामना गर्नुपर्‍यो । तीन महिना लकडाउन हुँदा पत्रकारहरूको आर्थिक अवस्था दयनीय रह्यो ।

## ४) गण्डकी प्रदेश

मिसनको सुरूवात गण्डकी प्रदेशबाट नै भएको थियो । यो प्रदेशको सञ्चार माध्यम र पत्रकारमा कोभिडले धेरै प्रभाव पारेको देखियो । गण्डकी प्रदेशमा रहेका ११ जिल्लामध्ये सबै जिल्लामा लकडाउन अघि पत्रकारहरू सक्रिय थिए । सबै जिल्लामा सञ्चारमाध्यमहरू सञ्चालनमा थिए । मनाङमा प्रिन्ट पत्रिका नभएपनि रेडियोले जनतालाई सुसूचित गर्ने काम गरेको थियो ।

तर लकडाउनपछि सबै जिल्लाका पूरै प्रिन्ट माध्यम बन्द भए । कतिपय रेडियो पनि प्रसारण हुन सकेनन् । कतिपयले कर्मचारी घटाएर, समय घटाएर वा समाचार बुलेटिन घटाएर जेनतेन धानेको पाइयो । डेढ महिनाको लकडाउनपछि बिस्तारै सञ्चारमाध्यम सञ्चालनमा आउन सुरू भएका थिए । मिसनको समयमा बन्द भएका पत्रिकाहरू पनि प्रकाशन हुन थालेका भए पनि निषेधाज्ञा लागु भयो भने पुनः प्रकाशन बन्द गर्नुपर्ने त्रास देखिन्थ्यो ।

पत्रकार महासंघमा आवद्ध करिब एक हजार पत्रकारहरूमध्ये धेरै बेरोजगार थिए । स्थानीय सञ्चारमाध्यम मात्र नभएर राष्ट्रिय सञ्चारमाध्यमले समेत पत्रकारलाई तलब दिएका थिएनन् । कतिपय सञ्चारमाध्यममा कार्यरत पत्रकारहरूले चैत्रसम्मको पनि तलब पाएका थिएनन् । कतिपय स्ट्रीन्जरहरूको समाचार नै छापिन छोडेको थियो भने ठूला समाचारगृहले राखेका स्ट्रीन्जरहरूको पनि अवस्था नाजुक थियो । समाचार नै प्रकाशन प्रसारण नभएपछि उहाँहरूको पारिश्रमिक ह्वात्तै घटेको थियो ।

यो प्रदेशमा रहेका हिमाली जिल्ला पत्रकारविहीन हुने अवस्था सिर्जना भएको पाइयो । मिसिनको बेला मनाङ पत्रकारविहीन थियो भने मुस्ताङमा २ जना पत्रकार मात्र कार्यरत थिए । स्थानीय पत्रिका प्रकाशन हुन नसक्नु, प्रकाशन भएकाले पनि तलब उपलब्ध गराउन नसक्नु तथा राष्ट्रिय सञ्चारमाध्यममा आवद्ध पत्रकारहरूको समाचार नछाप्नुले गर्दा अधिकांश पत्रकार पेशाबाटै पलायन हुने अवस्था रहेको पाइयो ।

पछिल्लो समयमा खुलेका अनलाइनहरूमा पत्रकारहरू आबद्ध भएको भएपनि त्यसबाट पनि आम्दानी निकै न्युन रहेको थियो । यस्तो अवस्थामा राज्यको तर्फबाट कुनै नीतिगत सहयोग प्राप्त नभएको र स्थानीय तहका साना साना विज्ञापन पनि स्थानीय तहमा वा प्रदेशमै नआउने गरी राजधानीका पत्रिकामा प्रकाशन गराइएको पाइयो । यसबाट स्थानीय सञ्चारमाध्यमलाई मर्का परेको महसुस मिसन टोलीले गऱ्यो ।

यो बेला गण्डकी प्रदेश सरकारले मिडिया क्षेत्रका लागि ५० लाख बराबर को कल्याणकारी कोष खडा गरेको थियो । तर मिसनको बेलासम्म त्यो कसरी वितरण गर्ने भन्ने कुनै नीतिगत निर्णय नभएको र गण्डकी प्रदेशको पत्रकारितालाई एक बर्षका लागि भनेर विनियोजन भएको ५० लाख रूपैया पनि अपुग रहेको पत्रकारहरूको गुनासो थियो ।

## ५) कर्णाली प्रदेश

कर्णाली प्रदेशमा कोरोना महामारी र लकडाउनका कारण सञ्चार क्षेत्रले निकै समस्या भोग्नु परेको थियो । कोरोना प्रभावका कारण कर्णाली प्रदेशका १० जिल्लामा ३३ वटा सञ्चारमाध्यम बन्द भएका थिए । सुर्खेतबाट सञ्चालित एक दैनिक पत्रिका बाहेक सबै छापामाध्यम बन्द भएका थिए ।

त्यो बेला रेडियोहरूले पनि आर्थिक समस्या भोग्नु परेका कारण पत्रकार तथा कर्मचारीहरूलाई नियमित तलब दिनसक्ने अवस्था थिएन । लकडाउनका बेला पत्रकार महासंघ जिल्ला शाखा तथा प्रदेश समितिको पहलमा पत्रकारहरूलाई राहत वितरण समेत गरिएको थियो ।

लकडाउन र महामारीको असर केही कम भइसकेपछि सञ्चालन भएको मिसनका बेला भने बन्द भएका अधिकांश पत्रपत्रिका सञ्चालनमा आइसकेका थिए । सबै जसोले आफ्नो पत्रिकाको आकार घटाई सञ्चालन गरिरहेको पाइएको थियो ।

नेपाल पत्रकार महासंघ र कर्णाली प्रदेश सरकारको समन्वयमा कोरोना प्रभावमा परेका सञ्चारमाध्यम तथा पत्रकारहरूलाई राहत उपलब्ध गराइएको थियो । जस अनुसार करिब ९० सञ्चारगृहहरूलाई रू. १५ हजारदेखि ५० हजारसम्म

र ३० पत्रकारहरूलाई ५ हजारदेखि १५ हजारसम्म आर्थिक सहायता गरिएको थियो । मिसनका बेलासमेत अधिकांश पत्रकारहरूले नियमित तलब पाउन सकेका थिएनन् ।

मिसन टोलीले कर्णाली प्रदेश सरकारले गत वर्ष पारित गरेको कर्णाली प्रदेश प्रसारण ऐन, २०७५ को बारेमा प्रदेश सरकार तथा सांसदहरूसँग छलफल गरेको थियो र महासंघले त्यसमा गरेको विश्लेषणको खाका पनि हस्तान्तरण गरेको थियो ।

## ६) सुदूरपश्चिम प्रदेश

सुदूरपश्चिम प्रदेशमा नौवटा जिल्लामा सञ्चालनमा रहेका ७५ एफएम रेडियो, ४६ दैनिक पत्रिका, ४५ साप्ताहिक पत्रिका, २ स्थानीय टेलिभिजनमध्ये धेरै जसो दैनिक र साप्ताहिक पत्रिकाहरू लकडाउनका बेला बन्द अवस्थामा थिए । केही सीमित पत्रिका मात्र सञ्चालनमा थिए भने सबैजसो एफएमहरू सञ्चालनमा थिए । मिसनका क्रममा बुझ्दा बन्द भएका अधिकांश पत्रिकाहरू पनि सञ्चालनमा आइसकेका थिए ।

कोभिड महामारीका बेला एफएम रेडियोहरूले यससम्बन्धी सूचना सम्प्रेषण गरेकामा धेरैजसोले त्यसको तारिफ गरेका थिए । एफएम रेडियोमा कार्यरत पत्रकारहरूले पनि लकडाउनका अवधिमा नियमित तलब पाएका थिएनन् । मिसन जाने बेला समेत धेरै पत्रकारहरूले अझै नियमित तलब पाउन नसकेको बताएका थिए । नेपाल पत्रकार महासंघ प्रदेश समितिको पहलमा सुदूरपश्चिम सरकारले मिडिया तथा पत्रकारहरूका लागि रू. ३४ लाख ५५ हजार बराबरको मिडिया परिचालन कोष स्थापना गरी महासंघ प्रदेश समितिमार्फत परिचालन गर्ने व्यवस्था गरेको थियो । प्रदेश सरकारले महासंघ प्रदेश समितिको पहलमा प्रदेशमा कार्यरत पत्रकारहरूका लागि कोरोना बिमाको व्यवस्था गरेको थियो ।

महामारीकै बेला सुदूरपश्चिम प्रदेश सरकारले रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ ल्याएको थियो । उक्त विधेयकका धेरै प्रावधानहरू प्रेस स्वतन्त्रताको मूलभूत मान्यता विपरीत रहेको र सञ्चारमाध्यमहरूलाई नियन्त्रण गर्ने प्रावधानहरू रहेकाले महासंघले त्यसको विरोध गर्दै संशोधनका लागि अनुरोध गरेको थियो । मिसन टोलीले प्रदेशका मन्त्री तथा सांसदहरूसँग भेट गरी सो बारेमा पनि छलफल चलाएको थियो ।

## ५) मिसन टोलीको निष्कर्ष तथा सुझाव

मिसनका क्रममा ६ वटै प्रदेशका सञ्चार क्षेत्र कोरोना महामारीको निकै प्रभावमा परेको देखियो । महामारी र लकडाउनको सुरूवाती अवस्थामा सञ्चारगृहहरू नै बन्द गर्नुपर्ने अवस्था आएको थियो । कर्णाली र सुदूरपश्चिममा मिसन गएको समयमा दुबै प्रदेशमा बन्द रहेका सञ्चारमाध्यमहरू पुनः सञ्चालनमा आउन थालिसकेका थिए । तर पनि मिडियामा परेको प्रभाव, आम्दानीमा आएको ह्रास

लगायतका कुराहरूले श्रमजीवी पत्रकारहरूले महामारी सुरू भएको लामै समयपछि पनि नियमित तलब तथा सुविधा पाउन सकेका थिएनन् । कतिपय जागिर गुमाएका पत्रकारहरूको जागिर थमौती पनि हुन सकेको थिएन ।

केही प्रदेशका सरकारहरूले महामारीका कारण प्रभावित सञ्चारगृह र पत्रकारहरूलाई लक्षित गरी राहत कार्यक्रम ल्याएका थिए तर त्यो पर्याप्त थिएन । जसले गर्दा सञ्चारगृहहरू सञ्चालनमा अझै पनि कठिनाई देखिएको थियो । यस्तै खालको अवस्था फेरि सिर्जना भएमा के गर्ने भन्ने योजना न त सञ्चारगृहसँग न त सरकारसँग नै भएको देखियो ।

महामारीका बावजुद पनि केही प्रदेश सरकारहरूले आम छलफलबिना नै सञ्चार सम्बन्धी विधेयक प्रस्ताव गरेका वा पारित गरेका थिए । ती विधेयकका कतिपय प्रावधानहरू प्रेस स्वतन्त्रतालाई नियन्त्रित गर्ने खालका थिए । महासंघ केन्द्र र प्रदेश समितिहरूले निरन्तर खबरदारी गर्दा समेत ती विधेयकहरू आउनुमा सरकारहरूको प्रेसप्रति नियन्त्रणमुखी धारणा स्पष्ट देखिन्छ ।

## सुझावहरू

- कोरोनाका कारण प्रभावित मिडिया र पत्रकारहरूलाई राहत प्याकेज व्यवस्था गरी मिडियाको दिगोपनामा सहयोग पुऱ्याउनु आवश्यक छ ।
- महामारीका बेला रोजगार गुमाएका पत्रकारहरूलाई पुनःस्थापना गर्न सञ्चारगृहहरूसँग निरन्तर छलफल र दबावका कार्यक्रमहरू गर्न जरूरी देखियो ।
- श्रमजीवी पत्रकारहरूको रोकिएको तलब सुविधा उपलब्ध गराउनका लागि महासंघ केन्द्र, प्रदेश समिति र शाखाहरूले संयुक्तरूपमा दबावमूलक गतिविधि गर्नु आवश्यक छ ।
- भविष्यमा आउनसक्ने यस्तैखाले अवस्थालाई सम्बोधन गर्न सबै सरकारहरूले दीर्घकालीन योजना बनाउन आवश्यक छ ।
- सबै तहका सरकारहरूमा देखिएको प्रेस स्वतन्त्रतालाई संकुचित गर्ने धारणामा परिवर्तन गर्नुपर्ने र पारित भएका र आउँदै गरेका ऐन तथा विधेयकहरूमा आवश्यक संशोधन गरी प्रेस स्वतन्त्रतामैत्री वातावरण सिर्जना गर्नु जरूरी छ ।
- संघीय, प्रदेश र स्थानीय सरकारहरूबीच तालमेल नहुँदा कानूनहरूमा समस्या देखिएकाले संघीय सरकारले मूल कानून निर्माण गरिसकेपछि मात्रै प्रदेश र स्थानीय सरकारहरूले त्यसैका आधारमा कानून निर्माण गर्नु उचित हुन्छ ।

प्रेस स्वतन्त्रता

पत्रकार सुरक्षा

# वार्षिक प्रतिवेदन




Federation of Nepali Journalists [FNJ]

नेपाल पत्रकार महासंघ